# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक २९० काठमाडौं आइतबार, ६ फागुन २०८० Prabhab National Daily Sunday, February 18, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।–



**प्रजातन्त्र दिवस भव्य रूपमा मनाऔं**

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिका शासन हो ।
- आवधिक निर्वाचन प्रजातन्त्रका लागि महत्त्वपूर्ण हुन्छ ।
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो ।

त्यसैले,

- प्रजातान्त्रिक आचरण, संस्कार र व्यहवारको अवलम्बन गरौं ।

*"७४ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।"*

नेपाल सरकार
विज्ञापन बोर्ड


# राजीनामाको दबाबमा मन्त्री ज्वाला

- भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालालाई बर्खास्त गर्न प्रधानमन्त्रीसँग एमाले सचेतक महेश बर्तौलाको माग
- एक मिनेट पनि मन्त्री ज्वाला पदमा बस्न नहुने जिकिर
- जाँचबुझ आयोगबाट बालकुमारी घटनाको मुख्य दोषी नै मन्त्री ज्वाला ठहर
- राजीनामा दिएर अलग हुने मुडमा छैनन् मन्त्री ज्वाला



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला ललितपुरको बालकुमारीमा भएको हिंसात्मक घटनामा जाँचबुझ आयोगले मुख्य दोषी भएको ठहर गरेपछि गम्भीर नैतिक संकटमा फसेका छन् । उनलाई पदबाट राजीनामा दिनुपर्ने दबाब बढेको छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सचेतक महेश बर्तौलाले मन्त्री ज्वालाले तत्काल राजीनामा दिनुपर्ने बताएका छन् । राजीनामा नदिए बर्खास्त गर्न उनले प्रधानमन्त्री पुष्पकमल दाहाललाई आग्रह गरे ।

'मन्त्रीकै गम्भीर कमजोरी र लापरबाहीको कारण उक्त दुःखद् घटना भएको सरकारी आयोगले नै निष्कर्ष निकालिसकेको अवस्थामा उहाँलाई एक मिनेट पनि मन्त्रीको जिम्मेवारीमा बसिरहने छुट छैन । तत्काल उहाँलाई मन्त्री पदबाट बर्खास्त गरिनुपर्छ र प्रचलित कानुनबमोजिम कारबाहीको प्रक्रिया अविलम्ब अगाडि बढाइनुपर्छ,' सामाजिक सञ्जालमा बर्तौलाले शनिबार लेखेका छन् ।

गत १३ पुसमा बालकुमारीमा कोरिया रोजगारीका लागि फाराम भर्न पाउनुपर्ने माग गर्दै युवाहरूले गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा अछामका वीरेन्द्र शाह र दैलेखका सुजन राउतको मृत्यु भएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

# 'यौन विचलन' आरोपले राजनीतिक करिअरमा धक्का

उहाँ (महर)ले केही दिनअघि राजीनामा दिनुभएको थियो । पार्टी सचिवालय बैठकले स्वीकृत गर्‍यो । अहिलेलाई यत्ति बुझौं । अरु मलाई थाहा छैन ।

**राजेन्द्र गौतम**
**प्रमुख, एमाले प्रचार विभाग**

नेताहरु यौन विचलनमा फसेका एकदम कम घटनामात्रै बाहिर आउँछन् । कारण, उनीहरु राजनीतिक शक्तिका आधारमा पीडितलाई दबाब र प्रभावमा राख्छन् । तर, प्रहरीमा उजुरी परेर घटना सार्वजनिक भएपछि भने राजनीतिक जीवन तहसनहस हुने गरेको छ ।

**हेमन्त मल्ल**
**पूर्वडिआइजी**



■ **जेबी योञ्जन**

**काठमाडौं–**यौन विचलनको गम्भीर आरोपमा मुछिएसँगै एकपछि अर्को नेताको राजनीतिक 'करिअर डयामेज्ड' भएको छ। पार्टी राजनीतिमा प्रभावशाली देखिएका युवादेखि ज्येष्ठ भइसकेका केही नेताहरू यौन विचलनकै कारण राजनीतिक जिम्मेवारीबाट अलग हुनुपरेको छ । कोही त राजनीतिबाट पलायन नै भएका छन् ।

पछिल्लोपटक यौन विचलनको आरोपमा मुछिएसँगै राजनीतिक संकटमा परेका छन्, एमाले नेता ऐन महर । उनी पार्टी अध्यक्ष केपी शर्मा ओलीका विश्वासिला नेता हुन् । यौन विचलनमा परेको पुष्टि हुने भिडियो सार्वजनिक भएपछि पार्टी केन्द्रीय सदस्यबाट राजीनामा दिन उनी बाध्य भए । र, उनले दिएको राजीनामा बिहीबार स्वीकृत भएको छ । यससँगै महर एमालेमा जिम्मेवारीविहीन भएका छन् । उनको राजनीतिक यात्रामा 'ब्रेक' लागेको छ ।

एक महिलासँग विवाहेत्तर सम्बन्ध देखाउने दुई घण्टा लामो श्रव्यदृश्य सामग्री गत पुसमा भाइरल भएको थियो । उक्त सामग्रीमा ती महिलाले शारीरिक सम्पर्कपछि महरले आवश्यक औषधि नकिनेको र बेवास्ता गरेको भन्दै आक्रोश पोखेकी थिइन् । महरले पनि शारीरिक सम्बन्ध भएको स्वीकार गर्दै परिवारसँग मिलेर बस्न सुझाएका थिए । त्यसपछि महिलाले महरलाई चेतावनी दिँदै भनेकी थिइन्, 'बर्बाद पारिदिन्छु ।'

उक्त प्रकरण बाहिरिएपछि महरको पार्टीवृत्तमै आलोचना भएको थियो । आलोचनालाई थेग्न नसकेर उनले पार्टी केन्द्रीय सदस्यबाट राजीनामा दिएको एक जना नेताले बताए ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# संघको 'युएई जब फेयर' २ मार्चलाई तय

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले संयुक्त अरब इमिरेट्स (युएई)मा वैदेशिक रोजगारसम्बन्धी मेला 'युएई जब फेयर' गर्ने निश्चित भएको छ । संघका अनुसार आगामी मार्च २ अर्थात् फागुन १९ गते मेला आयोजना गर्ने निश्चित भएको हो । संघले यसअघि अबुधाबी डाइलगको अवसर पारेर फेब्रुअरी १५ मा जब फेयर गर्ने निर्णय गरेको थियो । उक्त मिति परिवर्तन गरी मार्च २ लाई तय गरिएको हो ।

पूर्वतयारी नपुगेका कारण जब फेयरको मिति सार्नु परेको संघका महासचिव मेघनाथ भुर्तेलले बताए । 'फागुन २ गते पुनः बैठक बसी संघले फागुन १९ मा युएईमा जब फेयर गर्ने निश्चित गरेको छ,' उनले भने, 'अब तोकिएकै मितिमा हुन्छ, त्यसका लागि हामीले विभिन्न समिति, उपसमिति बनाएर कार्य विभाजनसमेत गरिसकेका छौं ।'

वैदेशिक रोजगारीमा जाने कामदारहरूको हितलाई मध्यनजर गर्दै बिचौलिया निषेध गरी रोजगारदातासँग सीधा सम्पर्क स्थापित गर्ने उद्देश्यले रोजगार मेला गर्न लागिएको महासचिव भुर्तेलले बताए । मेला युएईस्थित होटल मरिनामा हुने उनले जानकारी दिए । युएईपछि युरोपमा पनि जब फेयर गर्ने संघको तयारी रहेको उनले बताए ।

'संघमा निर्वाचित भएर आएदेखि नै कार्यसमितिले युरोप, मलेसिया र खाडी मुलुकमा वैदेशिक रोजगारसम्बन्धी मेला गर्ने योजना बनाएको थियो,' महासचिव भुर्तेलले भने, 'पहिलो मेला मलेसियामा गर्ने हाम्रो तयारी पनि थियो तर मलेसियामा कामदारको मागमा आएको कमीका कारण गन्तव्य बदलियो र युएईका लागि निश्चित गर्‍यौं ।' श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड सचिवालय र युएईस्थित नेपाली राजदूतावासको सहकार्यमा पहिलोपटक रोजगार मेला सञ्चालन गर्ने अवसर मिलेको भुर्तेलले बताए ।

मेलामा युएई सरकारका प्रतिनिधि, ठूला रोजगारदाता कम्पनी, सबै राज्यका चेम्बरहरू, भारतीय लगानी समूह, व्यवसायी समुदाय, एचआर एसोसियसन र आधिकारिक नेपाली चेम्बरलगायत विभिन्न व्यावसायिक संघसंगठनको सहभागिता रहने संघले जनाएको छ । संघले रोजगार मेलामा सहभागी हुन चाहने इजाजतपत्र प्राप्त व्यावसायिक संस्थाहरूको नामावली संकलन भइरहेको उल्लेख गर्दै छिटोभन्दा छिटो आफ्नो विवरण बुझाउन व्यवसायीहरूलाई आग्रह गरेको छ ।


संघले रोजगार मेलालाई भव्यरूपमा सफल बनाउन आवश्यक तयारीका लागि भन्दै दुई समिति र पाँच उपसमितिसमेत गठन गरेको छ । जसमा संघका वर्तमान अध्यक्ष, पूर्वअध्यक्षहरू, सम्पूर्ण शुभेच्छुक संघ संस्थाका अध्यक्षहरूको 'सल्लाहकार समिति' र संघका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्री (कुमार)को संयोजकत्वमा द्वितीय उपाध्यक्ष सञ्जु गुरुङ सदस्य, तृतीय उपध्यक्ष रोशन कटुवाल सदस्य, सचिव कर्णराज कटुवाल सदस्य तथा महासचिव मेघनाथ भुर्तेल सदस्यसचिव रहनेगरी 'मूल समिति' बनाइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

# राहदानी बनाउन नपाउँदा पोर्चुगलका नेपाली समस्यामा

■ **भरत प्रधान**

**लिस्बन–** वैदेशिक रोजगारीका सिलसिलामा पोर्चुगल आएका नेपालीले राहदानी नवीकरण तथा नयाँ राहदानी बनाउन नपाउँदा समस्यामा परेका छन् । विभिन्न मुलुक हुँदै पोर्चुगल आएका नेपालीले नयाँ राहदानी बनाउन र नवीकरण गर्न बनाउन नपाउँदा समस्यामा परेका हुन् ।



राहदानीको समस्याले गर्दा विशेषतः पोर्चुगल बसाइको वैधानिकताका लागि यहाँको अध्यागमन निकाय एकीकरण, आप्रवासन र शरणमा बायोमेट्रिकको तयारीमा रहेका नेपालीहरू बढी मारमा परेका छन् । पोर्चुगलमा नेपाली दूतावास स्थापनाका लागि राजदूत नियुक्त भइसकेको भए पनि दूतावास कहिलेसम्म आउने भन्ने तिथिमिति तय भइसकेकोछैन।राहदानीलगायतका कागजातसम्बन्धी समस्यामा परेका नेपालीहरूले दूतावास आउन ढिलाइ भए पनि तत्काल राहतका लागि घुम्ती टोलीसम्म पनि नआएको भन्दै गुनासो गरेका छन् ।

राहदानीको म्याद सकिनै लागे पनि नयाँ राहदानी बनाउन नपाउँदा आफू समस्यामा परेको फ्रान्स हुँदै २० महिनाअघि पोर्चुगल आएका पोखराका रवि थापाले बताए । 'मेरो राहदानीको म्याद सकिन अब डेढ महिनामात्रै बाँकी छ, मेरा धेरै साथीहरूको पनि राहदानीको म्याद सकिन लागेको छ । (क्रमशः पृष्ठ २ मा)






प्रकृतिः प्रतिस्थापन कला | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा प्रदर्शनी गरिएको 'प्रकृतिः प्रतिस्थापन कला'। जारी प्रदर्शनीमा राखिएका सिर्जनाले प्रकृति र मानव सम्बन्ध अन्योन्याश्रित रहेको र प्रकृति जोगाए मात्रै मानव अस्तित्व सम्भव छ भन्ने सन्देश दिएको छ। *तस्बिरः रासस*

# सार्वजनिक स्थानमा दुई हजार फोहोर संकलन 'बिन' राख्दै कामपा

**काठमाडौं (प्रस)**- काठमाडौं महानगरपालिकाले सार्वजनिकस्थलमा कुहिने र नकुहिने फोहोर व्यवस्थापनका लागि छुट्टाछुट्टै गरी एक हजार ९५० सेट फोहोर संकलन बिन राख्ने भएको छ।

महानगरको वातावरण विभागका अनुसार एक सेटमा दुई बिन हुन्छन्। यसमध्ये हरियो बिन कुहिने र रातो बिन नकुहिने फोहोर व्यवस्थापनका लागि हो। उत्पादन भएकै ठाउँमा फोहोरलाई छुट्याएर प्रकृतिअनुसार छुट्टाछुट्टै व्यवस्थापन गर्ने योजनाअनुसार बिन राख्न लागिएको हो वातावरण व्यवस्थापन विभागका प्रमुख रविनमान श्रेष्ठले जानकारी दिए। श्रेष्ठका अनुसार सबै बिन विभागमा ल्याइसकिएको र वडाको माग तथा आवश्यकताअनुसार वितरण गर्ने तयारी छ।

स्रोतमा नै कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै संकलन भयो भने व्यवस्थापनमा सहज हुने उनको भनाइ छ। कामपाका सबै स्थानमा एकैपटक काम गर्दा परिणाम प्राप्त गर्न कठिन हुने भएकाले नमूनाका रूपमा अहिले वडा नं २७ र त्यसपछि अन्य वडामा उक्त बिन राख्ने काम गरिने प्रमुख श्रेष्ठले बताए।

यसका लागि घरदैलो कार्यक्रममार्फत उत्पादकलाई फोहोर वर्गीकरण विधिमा सचेत गराउने काम पनि महानगरले गरिरहेको छ। वर्गीकरण गरिएको फोहोर छुट्टाछुट्टै व्यवस्थापन गर्न रङ संकेतसहितको सवारीसाधन तयारी अवस्थामा राखिएको पनि उनले जानकारी दिए।




घरघरमा फोहोर वर्गीकरण गरेजस्तै सार्वजनिकस्थलमा उत्पादन हुने फोहोरलाई पनि कुहिने र नकुहिने गरी छुट्टाछुट्टै भाँडामा संकलन गरी दिगोरूपमा फोहोर व्यवस्थापन गर्न लागिएको हो। यसरी राखिने सेट दुई प्रकारका छन्। पहिलो सेट सानो आकारको रहेको जनाइएको छ।

सोमा राखिने एउटा बिनको क्षमता ७० लिटरको हुने छ। एक.दुई मिटर उचाइ, १.२३ मिटर चौडाइ र २५.५५ किलोग्राम तौलको फलामे स्टचान्डमा बिन राखिने छ। यसमा राखिने स्टचान्डको मूल्य पाँच हजार १५० रूपैयाँ र डस्टबिन प्रतिगोटा मूल्य दुई हजार ९५० रूपैयाँ पर्ने छ।

मध्यम आकारका सेटमा १.३ मिटर चौडाइ र १.४ मिटर उचाइ भएको स्टचान्ड हुने छ। १२५ लिटर क्षमताका दुईवटा बिन राखिने छन्। यसमा प्रयोग हुने स्टचान्डको मूल्य पाँच हजार ४५० र बिनको मूल्य तीन हजार ८९० हो। राखिएका सबै बिनको संरक्षणको जिम्मा सम्बन्धित वडाले लिने बताइएको छ।

# सोमबार कागेश्वरी मनोहरा पर्यटन महोत्सव

**काठमाडौं (प्रस)**- कागेश्वरी मनोहरा नगरपालिकाले धार्मिक, सांस्कृतिक, पर्यापर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भोलि सोमबार (फागुन ७ गते) 'कागेश्वरी मनोहरा पर्यटन महोत्सव' आयोजना गर्ने भएको छ।

नगरपालिकाले शनिबार यहाँ पत्रकार सम्मेलन गरी यस वर्ष कागेश्वरीधाममा हुने १०औं महोत्सवमा स्थानीय कृषि उत्पादन, कला, संस्कृति, धार्मिक तथा सामाजिक रीतिरिवाज, शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुदलगायतका क्षेत्रको प्रचारप्रसारमा सहयोग पुग्नेगरी रचनात्मक कार्यक्रम गर्न लागेको जनाएको छ।

नगरप्रमुख उपेन्द्र कार्कीले धार्मिक, पर्यापर्यटन र खेलकुदका हिसावले अत्यन्त सम्भावना रहेको कागेश्वरी मनोहरा नगरपालिकाका सबै वडाध्यक्षको संयोजकत्वमा विभिन्न विषयगत उपसमिति गठन गरी महोत्सव तयारी गरिरहेको जानकारी दिँदै उपस्थितिका लागि सबैसँग अनुरोध गरे।

महोत्सवका अवसरमा राष्ट्रियस्तरका कलाकारको प्रस्तुतिसहित स्थानीय कृषि उत्पादन मेला, शैक्षिक तथा सांस्कृतिक प्रदर्शनी, भजनकीर्तन, स्वास्थ्य शिविर, पर्यापर्यटन, नवप्रवर्द्धनात्मक गतिविधि र उद्यमशीलताको विकास एवं प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम हुने प्रमुख कार्कीले बताए।

महोत्सवमा छिमेकी गोकर्णेश्वर र शंखरापुर नगरपालिकासहित ५० हजार काठमाडौं उपत्यकाबासीको उपस्थिति हुने अपेक्षा गरिएको छ। कागेश्वरी मनोहरा नगरपालिकाले २०७२ सालदेखि नियमितरूपमा महोत्सव आयोजना गर्दै आइएको छ।

# ओलीको गुहचेश्वरी-धाप बाँध यात्रा

**काठमाडौं (प्रस)**- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले वातावरणीय जागरणका लागि शनिबार गुहचेश्वरी-धाप बाँधको यात्रा गरेका छन्। एमालेको काठमाडौं जिल्ला कमिटी आयोजनामा पूर्वप्रधानमन्त्री ओलीको नेतृत्वको टोलीले पशुपति-गुहचेश्वरीबाट बागमती करिडोर-सुन्दरीजल हुँदै आलापोटसम्मको यात्रा गरेको हो।

यात्राका क्रममा अध्यक्ष ओलीले काठमाडौं उपत्यकामा पानीका स्रोतहरूको व्यवस्थापन गर्ने र नदीहरूलाई सफा बनाउन यस्ता बाँध निर्माण अगाडि बढाउन अत्यावश्यक भएकाले त्यसतर्फ अविलम्ब लाग्न सरकार र सम्बन्धित निकायलाई घच्घच्याउन स्थानीयलाई आग्रह गरे।

अध्यक्ष ओली प्रधानमन्त्री हुँदा उक्त बाँध निर्माण गरी त्यहाँ सांस्कृतिक, धार्मिक र प्राकृतिक पर्यटन प्रवर्द्धनका लागि विस्तृत परियोजना प्रतिवेदन बनेको थियो भने परियोजना कार्यान्वयन सिँचाइ एकाइ सञ्चालनमा आएको छ। गोकर्णेश्वर नगरपालिका-१ स्थित पर्ने २४ मिटर उचाइको हुने बाँध त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ३४ किलोमिटर दूरीमा पर्छ।

एमाले जिल्ला कमिटीका अध्यक्ष दीपक निरौलाले बाँध निर्माण सम्पन्न गर्न सरकारलाई सुझाव दिने र जनदबाब सिर्जना गर्ने उद्देश्यका साथ यात्रा गरिएको जानकारी दिए।

पृष्ठ १ बाट क्रमशः

### राजीनामाको दबाबमा...

उक्त घटना हुनुमा मुख्य दोषी यातायातमन्त्री ज्वाला नै भएको निष्कर्ष निकाल्दै जाँचबुझ आयोगले शुक्रबार गृहमन्त्री नारायणकाजी श्रेष्ठसमक्ष प्रतिवेदन बुझाएको थियो।

त्यही कारण मन्त्री ज्वालालाई एक मिनेट पनि पदमा बस्ने अधिकार नभएको बर्तौलाले बताएका हुन्। उनले मन्त्रीलाई जोगाएर सुरक्षाकर्मीहरूलाई कारबाहीको दायरामा नल्याउन चेतावनी दिए। उनले प्रधानमन्त्री दाहाल अग्निपरीक्षामा रहेको पनि बताए। मन्त्री ज्वाला इपिएस परीक्षा फाराम भर्ने क्रममा युवाहरूले आन्दोलन चर्काउँदा परिस्थितिको आँकलन नगरी झण्डा हल्लाउँदै असंवेदनशील भएर घटनास्थल हुँदै गएका थिए। त्यहीबेला उनलाई आन्दोलनकारी युवाहरूले रोकेको र आन्दोलन भड्काउने गरी अभिव्यक्ति दिएर घटना गराउन भूमिका निर्वाह गरेको जाँचबुझ आयोगको निष्कर्ष छ।

तर उनले घटना हुँदा आफू त्यहाँ हुँदै नभएको भनेर पार्टी बैठकमै ढाँटेका थिए। गृहमन्त्री श्रेष्ठले भने संसदीय समिति बैठकमा मन्त्री ज्वालाको गल्ती भएको भन्दै आलोचना गरेका थिए। उनले मन्त्री ज्वाला प्रदर्शनकारीबाट घेरिएपछि गोली प्रहार भएको देखिएको बताएका थिए। वैकल्पिक मार्ग प्रयोगमा ज्वाला चुकेको उनको भनाइ थियो।

शुक्रबार जाँचबुझ आयोगको प्रतिवेदनले पनि ज्वाला नै मुख्य दोषी ठहर गरेपछि पदबाट राजीनामा दिन थप दबाब बढेको हो। उनलाई पार्टी उपाध्यक्ष राजेन्द्र पाण्डेले पनि यसअघि पदबाट राजीनामा दिन आग्रह गरेका थिए। बालकुमारी घटना ज्वालाकै असावधानीले भएको उनको टिप्पणी थियो। तर मन्त्री ज्वाला भने अजिर भएर पदासिन छन्। उनले पदबाट राजीनामा दिने छाँट देखाएका छैनन्।

गत पुसको तेस्रो साता प्रधानमन्त्री दाहालले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग बालुवाटारमा भएको भेटवार्तामा मन्त्री ज्वालालाई फिर्ता बोलाउन आग्रह गरेका थिए। नेपालले भने फिर्ता बोलाएनन्। यसले गर्दा प्रधानमन्त्री दाहाल पनि अप्ठेरोमा छन्।

सरकारले कुनै घटनाको छानबिन गर्न गठन गरेको आयोग वा समितिले घटनामा दोषी ठहर गरेको अवस्थामा सम्बन्धित व्यक्तिले नैतिकताको आधारमा राजीनामा दिएर अलग हुने परम्परा छ। यसलाई मन्त्री ज्वालाले भने तोड्ने देखिएको छ। सरकारले घटना भएको तीन दिनपछि १६ पुसमा पूर्वन्यायाधीश शेखरप्रसाद पौडेल संयोजक रहेको जाँचबुझ आयोग गठन गरेको थियो।

आयोगमा पूर्वअतिरिक्त प्रहरी महानिरीक्षक अरुणकुमार बिसी र गृह मन्त्रालयका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टराई सदस्य थिए। पुस २० गतेदेखि आयोगले छानबिनको काम गरेको थियो। आयोगले छानबिनपछि सरकारलाई बुझाएको प्रतिवेदनमा प्रहरीको फिल्ड अफिसर उमेश लम्साल र मन्त्री ज्वालाका पिएसओ बोधराज दनुवारको पनि कमजोरी औँल्याइएको छ।

■■■

### यौन विचलनले...

तर, पार्टी प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले महरले राजीनामा दिनु र पार्टी सचिवालय बैठकले स्वीकृत गर्न जायज ठान्नुको कारण स्पष्ट बताएनन्।

'उहाँ (महर)ले केही दिनअघि राजीनामा दिनुभएको थियो। पार्टी सचिवालय बैठकले स्वीकृत गऱ्यो। अहिलेलाई यत्ति बुझौं। अरू मलाई थाहा छैन,' उनले प्रभावसँग भने।

महर गत वर्षको मंसिरमा भएको चुनावमा एमालेबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार थिए। नेकपा एकीकृत समाजवादीका नेता भानुभक्त जोशीसँग ९९८ मतले पराजित भए। नेकपाकालमा अनेरास्ववियु केन्द्रीय अध्यक्ष थिए। अध्यक्ष ओलीको साथ पाएका उनले छलाङी शैलीमा राजनीतिक उचाइ लिएका थिए। तर, यौन विचलन झल्किने एउटा श्रव्यदृश्य सामग्री सार्वजनिक भएपछि अन्ततः महरको राजनीति करिअरमा धक्का लागेको छ।

यसअघि एमालेकै पूर्वसांसद मोहन बानियाँ पनि यौन विचलनमा परेका थिए। जुम्ला घर भएकी ४० वर्षीया एक शिक्षिकाले नेपालगञ्जस्थित होटल अप्सरामा लगेर बानियाँले डर त्रास देखाई दुईपटक बलात्कार गरेको आरोप लगाउँदै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। उक्त उजुरीका आधारमा पक्राउ परेर थुनामा बसे। त्यहीबेला उनलाई संसद् सचिवालयले सांसद पदबाट मुक्त गरिदियो। तर, बानियाँ केही दिनमै धरौटीमा रिहा भए। मुद्दाको भने किनारा लागेको छैन। बाँके जिल्ला अदालतमा मुद्दा विचाराधीन छ। तर, गम्भीर यौन विचलनले बानियाँको राजनीति संकटमा पऱ्यो। हाल बानियाँ गुमनाम छन्। त्यसअघि उनी एमालेभित्र हक्की र कडा स्वभावका नेताका रूपमा चिनिन्थे।

बानियाँजस्तै यौन विचलनले राजनीतिक भविष्य संकटमा पर्ने नेतामा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरा पनि पर्छन्। १९ असोज २०७६ मा सभामुख पदमा बहाल रहँदा नै महरा यौन दुर्व्यवहारको आरोपमा पक्राउ परे। उनी महिनौं थुनामा रहे। संसद् सचिवालयकी एक महिला कर्मचारीमाथि यौनदुर्व्यवहार गरेको उनीमाथि आरोप लागेको थियो। तर, काठमाडौं जिल्ला अदालतले उनलाई सफाइ दियो। माओवादी नेता महराले सफाइ पाए पनि राष्ट्रिय राजनीतिमा किनाराकृत भए। भलै उनलाई माओवादीले उपाध्यक्ष बनायो। तर, उनी छायाँमा परेका छन्।

माओवादी जनयुद्धकालमा उनी चर्चित नेता थिए। शान्ति प्रक्रियामा आउन लाग्दा पनि उनी माओवादीबाट पटक-पटक वार्ता समिति संयोजक भए। शान्तिपूर्ण राजनीतिमा आएपछि कांग्रेस नेता गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा सञ्चारमन्त्री बनेका थिए। राष्ट्रिय राजनीतिमा निकै प्रभावशाली भूमिकामा रहेका उनको अन्ततः यौन विचलनकै कारण राजनीतिक करिअर धराशायी बन्यो। अझ पछिल्लो समय उनी नौ किलो सुनकाण्डमा पनि मुछिए। यसले गर्दा अझै उनको राजनीतिक भविष्य संकटमा परेको छ। माओवादीबाट नेताहरू मोहन वैद्य र डा. बाबुराम भट्टराई अलग भएपछि उनलाई अध्यक्ष पुष्पकमल दाहालका उत्तराधिकारीका रूपमा पनि हेरिन्थ्यो।

जनयुद्धकै बेला नेता रामबहादुर थापामाथि पनि यौन (सांस्कृतिक) विचलनको आरोप लागेको थियो। जुन आरोपपछि उनी कारबाहीमा परेका थिए। गएको १ पुसमा माओवादीकै गोरखाका नेता भूमिनन्द देवकोटा बलात्कारसम्बन्धी मुद्दामा काठमाडौंको पेप्सीकोलास्थित घरबाट पक्राउ परे। १७ वर्षीया किशोरीले एक वर्षदेखि आफूलाई बलात्कार गरेको भन्दै दिएको जाहेरीका आधारमा देवकोटा पक्राउ परेका थिए। हाल उनी थुनामा छन्। राष्ट्रिय राजनीतिमा गोरखाबाट उदाउन सक्ने सम्भावनाका नेता देवकोटाको पनि अन्ततः यौन विचलनले राजनीतिक भविष्य समाप्त पाऱ्यो।

यौन विचलनमा पर्नेमा कांग्रेस नेता पनि छन्। नेपाली कांग्रेस सप्तरीका नेता दीपेन्द्र चौधरी गत मंसिर ९ गतेदेखि बलात्कारसम्बन्धी मुद्दाले थुनामा पुगेका छन्। ३५ वर्षीया महिलालाई बलात्कार गरेको आरोप उनीमाथि छ।

नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्लका अनुसार नेताहरू यौन विचलनमा फसेका एकदम कम घटनामात्रै बाहिर आउँछन्। कारण, उनीहरू राजनीतिक शक्तिका आधारमा पीडितलाई दबाब र प्रभावमा राख्छन्। यदि, पीडित केही गरेर प्रहरीकहाँ पुगे पनि उजुरी दर्ता नगराउन चर्को दबाब दिन्छन्। तर, यसरी प्रहरीमा उजुरी परेर घटना सार्वजनिक भएपछि भने आरोपी नेताको राजनीतिक जीवन तहसनहस हुने गरेको पूर्वडिआइजी मल्लले बताए।

■■■

### संघको युएई जब फेयर...

त्यस्तै कार्यविभाजनका क्रममा आर्थिक उपसमिति, प्रचारप्रसार उपसमिति, प्रेस छपाइ उपसमिति, भ्रमण व्यवस्थापन उपसमिति, आन्तरिक व्यवस्थापन उपसमिति गठन गरिएको पनि संघले जनाएको छ। आर्थिक उपसमितिमा कोषाध्यक्ष सरिता घले संयोजक, सोमबहादुर तामाङ र कैलाश पाठक सदस्य रहेका छन्। प्रचारप्रसार उपसमितिमा बैकुण्ठप्रसाद पौडेल संयोजक, विक्रम श्रेष्ठ र तोरणकुमार कार्की सदस्य छन्। यस्तै प्रेस छपाइ उपसमितिमा देवेन्द्रनारायण श्रेष्ठ संयोजक, अनिलकुमार राई र देउमान नेम्वाङ सदस्य छन्। भ्रमण व्यवस्थापन उपसमितिमा नारायण भुषाल संयोजक, आनन्द कोइराला र देविमाया थापा सदस्य छन्। यसैगरी आन्तरिक व्यवस्थापन उपसमितिमा राजेन्द्र बस्नेत संयोजक, चन्द्रबहादुर लिम्बू र सूर्यकुमार श्रेष्ठ सदस्य रहेका छन्। कोषाध्यक्ष घलेबाहेक उपसमितिमा रहेका सबैजना कार्यसमिति सदस्य हुन्।

युएई नेपाली कामदारहरूको आकर्षक रोजगार गन्तव्यमध्येको एक हो। बढ्दो आप्रवासी कामदारको मागका कारण चालु आर्थिक वर्षको सुरुआतबाटै युएई नेपालीहरूको प्रमुख गन्तव्य बनेको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ। चालु आवको सात महिनामा एक लाख दुई हजारभन्दा बढी नेपाली रोजगारीका लागि श्रम स्वीकृति लिएर युएई पुगेको तथ्यांक हालै वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको छ।

■■■

### राहदानी बनाउन नपाउँदा...

हामी यहाँको वैधानिक बसाइका लागि बायोमेट्रिकको पर्खाइमा छौं। तर राहदानी बनाउन नसक्दा समस्यामा परेका छौं,' थापाले भने। राहदानी बनाउनका लागि जोखिम मोलेरै भए पनि स्पेनको मेड्रिडस्थित रहेको नेपाली दूतावास जाने तयारी गरेको उनले बताए।

स्याङ्जाका युवराज रोकाको समस्या पनि उस्तै छ। क्रोसिया हुँदै डेढ वर्षअघि पोर्चुगल आएका रोकाको राहदानीको म्याद सकिन दुई महिनामात्रै बाँकी छ। हाल मदेइरामा कार्यरत रहेका उन राहदानीको म्याद सकिन थालेपछि चिन्तित छन्। राहदानी बनाउन ढिलाइ भए यहाँको कागजी प्रक्रियामा समस्या हुने रोकाले बताए।

'सरकारले छिट्टै टोली पठाइदिए त हामीजस्ता समस्यामा परेकालाई ठूलै राहत हुने थियो,' रोकाले भने। थापा र रोकाको जस्तै समस्या दाङका जनप्रसाद पुनको पनि छ। पुन पनि राहदानीको म्याद सकिन लागेपछि तनावमा परेका छन्। 'धेरै अघिदेखि टोली आउने भन्ने सुनेको हो, मजस्ता धेरै साथी राहदानी बनाउनका लागि टोलीको पर्खाइमा छौं,' पुनले भने। 'टोली नआउने हो भने त हामी समस्यामा पर्छौं, टोली नआउने नै भए त स्पेन, फ्रान्ससम्म धाएर भए पनि राहदानी त बनाउनैपर्छ, तर ती मुलुकसम्म धाउन पनि वैधानिक कागजात नहुँदा जोखिम मोल्नुपर्ने बाध्यता छ,' पुनले अगाडि थपे।

विगत लामो समयदेखि परिवारसहित पोर्चुगल बस्दै आएका गोरखाका दिनेश श्रेष्ठले पनि राहदानीको म्याद गुज्रेका कारण धेरै सास्ती खेप्नुपरेको सुनाए। दुई छोराछोरी र आफ्नो गरी तीन जनाकै राहदानी बनाउनुपर्ने भए पनि नेपाली दूतावास रहेको छिमेकी मुलुक धाउनैपर्ने बाध्यता भएको उनले बताए। छोराको रेसिडेन्सी कार्डको म्याद सकिएर तीन पटकसम्म समय लिएर नवीकरण गर्न आप्रवासी मामिला हेर्ने सरकारी कार्यालय धाए पनि राहदानीको म्याद नै नभएको भन्दै कार्डसमेत नवीकरण गर्न नसकेको पीडा श्रेष्ठले सुनाए।

'टोलीको आशमा बस्दा बाबुको कार्डसमेत नवीकरण गर्न सकिनँ, त्यसैले नयाँ राहदानी बनाउनका लागि अहिले स्पेन आएको छु। यहाँ आएर राहदानीसम्बन्धी सबै काम सकाएँ, दुख पाए पनि अब राहदानी बन्ने ढुक्क भयो,' श्रेष्ठले भने।

लिस्बनमा रहेको अवैतनिक नेपाली महावाणिज्य दूतावासको कार्यालयले दिएको तथ्यांकअनुसार राहदानी नवीकरण तथा नयाँ राहदानी बनाउने नेपालीको संख्या दुई हजार ६०० भन्दा बढी छ। जसअनुसार दुई हजार ९७ जनाको नवीकरण, ४५० जनाको हराएको र ६५ जना बालबालिकाको नयाँ राहदानी बनाउनुपर्ने आवेदन छ। विशेषगरी पोर्चुगल बसाइको वैधानिकताका लागि यहाँको अध्यागमन कार्यालय एकीकरण, आप्रवासन र शरणमा बायोमेट्रिकको तयारीमा रहेका नेपालीले राहदानी बनाउन नपाउँदा बढी समस्यामा परेको पोर्चुगलका लागि अवैतनिक नेपाली महावाणिज्यदूत मकरबहादुर हमालले बताए।

'हामीले तत्कालको समस्या समाधानका लागि फ्रान्सस्थित दूतावासबाट घुम्ती टोली ल्याउन पहल गरिरहेका छौं, टोली आउने/नआउनेबारे अहिलेसम्म आधिकारिक जानकारी आइसकेको छैन। तर तत्काल टोली नआउने हो भने त यहाँको वैधानिक बसाइका लागि बायोमेट्रिकको तयारीमा रहेका धेरै नेपालीलाई समस्या हुने अवस्था छ,' महावाणिज्यदूत हमालले भने।

राहदानी नवीकरण तथा नयाँ राहदानी बनाउन भन्दै धेरै नेपाली दैनिकजसो महावाणिज्य दूतावासको कार्यालय धाउने गरेको र कार्यालय परिसरमा भीडभाड नै लाग्ने गरेको उनले सुनाए।

गैरआवासीय नेपाली संघ पोर्चुगलका अध्यक्ष उमेश खड्काले राहदानीसम्बन्धी समस्या समाधानका लागि घुम्ती टोली ल्याउन पहल भइरहेको बताए। 'घुम्ती टोलीका लागि फ्रान्सस्थित नेपाली दूतावास र मन्त्रालयमा पटक-पटक अनुरोध गरेका छौं, तत्कालको राहतका लागि दुई साताका लागि भए पनि टोली ल्याउने हाम्रो पहल जारी छ,' खड्काले भने।

विभिन्न मुलुक हुँदै पोर्चुगल आउने नेपालीको संख्या बढेसँगै राहदानीलगायतका कागजातसम्बन्धी समस्या पनि बढ्दै गएको छ। पोर्चुगलमा नेपाली दूतावास खुलिनसकेका कारण राहदानी बनाउन छिमेकी मुलुक स्पेन, फ्रान्स, बेल्जियम र डेनमार्कस्थित रहेको नेपाली दूतावाससम्म पुगेर राहदानी बनाउन सकिने व्यवस्था छ। तर राहदानीविहीन नेपालीहरू राहदानी बनाउन स्पेन, फ्रान्स, बेल्जियम र डेनमार्कमा रहेका नेपाली दूतावाससम्म धाउनका लागि वैधानिक कागजात छैन।

पोर्चुगलमा रहेका नेपालीको समस्याका विषयमा आफू जानकार रहेको र राहदानी बनाउने सन्दर्भमा जतिसक्दो छिटो टोली आउने तयारीमा रहेको फ्रान्सको पेरिसस्थित नेपाली दूतावासका नियोग उपप्रमुख सीता बस्नेतले बताए। 'दूतावासबाट पोर्चुगल जाने यसअघि नै हाम्रो कार्यतालिकामा थियो, तर कर्मचारी अभावका कारण त्यो सम्भव भएन,' बस्नेतले भने।

राहदानीसम्बन्धी देखापरेको समस्याका सन्दर्भमा परराष्ट्र मन्त्रालय र राहदानी विभागलाई यसअघि नै पत्राचार गरी जानकारी गराइसकेको उनले बताए। 'हामीले पोर्चुगललाई विशेष प्राथमिकतामा राखेर काम गरिरहेका छौं, आवश्यक प्रक्रियाका लागि मन्त्रालयको निर्देशनको पर्खाइमा छौं,' बस्नेतले भने। विभागबाट निर्देशन आएलगत्तै टोली लिस्बन आउने उनको भनाइ छ।

पछिल्लो समय रोजगारीका सिलसिलामा पोर्चुगल आउने नेपालीको संख्या बढ्दै गएको छ। पोर्चुगलमा नेपालीको यकीन तथ्यांक नभए पनि अनुमानित ५० देखि ६० हजार हाराहारीमा रहेको अनुमान छ। यसअघि गत वर्ष पनि फ्रान्सस्थित नेपाली दूतावास र राहदानी विभाग काठमाडौंको टोली आएर राजधानी लिस्बनमा करिब एक महिनासम्म राहदानीसम्बन्धी सेवा प्रदान गरेको थियो। उक्त घुम्ती सेवाबाट दुई हजार ३०८ नेपालीको प्रत्यक्ष दर्ता प्रणालीमार्फत विद्युतीय राहदानीका लागि आवेदन संकलन गरिएको थियो। *रासस*



ग्वलः अर्केस्ट्रामा नृत्य प्रस्तुति

काठमाडौं महानगरपालिका तथा ग्वलः बाजँ खलःद्वारा शनिबार काठमाडौंमा आयोजित ग्वलः अर्केष्ट्रा २०८० मा नृत्य प्रस्तुत गर्दै कलाकार । *तस्बिरः किरणराज विष्ट/रासस*

# ट्रान्स-फ्याट नियन्त्रण गर्ने कानुन बनाएकोमा डब्ल्युएचओको बधाई

**काठमाडौं-** नेपालले औद्योगिकरूपमा उत्पादित खाद्य पदार्थमा हानिकारक चिल्लो पदार्थको मात्रा अर्थात् ट्रान्स-फचाट (अतिखराब चिल्लो)लाई नियन्त्रण गर्न कानुन जारी गरेपछि विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले बधाई ज्ञापन गरेको छ ।

डब्ल्युएचओ दक्षिण-पूर्वी एसियाका लागि क्षेत्रीय निर्देशक साइमा वाजेदले जारी गरेको विज्ञप्तिमा स्वास्थ्यको प्रवर्द्धन गर्दै जीवन बचाउने उद्देश्यसहित नेपालले कानुन बनाएर राजपत्रमा प्रकाशित गरी ट्रान्स-फचाट नियन्त्रण गर्न कदम चालेकामा बधाई दिएका हुन् ।

'ट्रान्स-फचाट एसिड उन्मूलन गर्नु भनेको मुटु तथा रक्तनलीसम्बन्धी रोगबाट हुने अकाल मृत्युलाई रोक्ने एक प्रभावकारी उपाय हो,' निर्देशक वाजेदले भने । नेपालले ल्याएको उक्त कानुनबाट जनसंख्याको झण्डै ८० प्रतिशत मानिसमा ट्रान्स-फचाट एसिडबाट हुने जोखिमबाट सुरक्षित हुने विश्वास लिइएको उनले बताए । औद्योगिकरूपमा उत्पादन भएका वनस्पति घिउ तथा तेलमा ट्रान्स-फचाट पाइन्छ ।

सरकारले ट्रान्स-फचाटको मात्रा खाद्य पदार्थमा रहेको कूल चिल्लो पदार्थको तौलको दुई प्रतिशतभन्दा नबढेको हुनुपर्ने भन्दै राजपत्रमा उक्त कानुन प्रकाशित गरिएको छ । खाद्य ऐन, २०२३ को दफा ७ बमोजिम सरकारले खाद्यपदार्थको गुणस्तर तोक्ने अधिकारअनुसार गत माघ २५ गते राजपत्रमा सूचना प्रकाशित गरी चिल्लो पदार्थको मात्रा ट्रान्स-फचाटका तोकेको हो ।

विश्वमा औद्योगिकरूपमा उत्पादित ट्रान्स-फचाट एसिडको प्रयोग गरेबापत बर्सेनि पाँच लाख ४० हजार मानिसको मृत्यु हुने गरेको डब्ल्युएचओको तथ्यांकमा उल्लेख छ । 'ट्रान्स-फचाटको अत्यधिक उपभोगले मुटु तथा रक्तनलीसम्बन्धी रोगबाट हुने मृत्युको जोखिमलाई उल्लेखनीयरूपमा बढाउँछ । यसबाट स्वास्थ्यमा लाभ पुग्ने कुरा अहिलेसम्म जानकारीमा छैन,' डब्ल्युएचओ दक्षिण-पूर्वी एसियाका लागि क्षेत्रीय निर्देशक वाजेदले भने ।

नेपालभन्दा पहिला सन् २०२२ सम्म थाइल्याण्ड, भारत र बंगलादेश, सन् २०२३ मा श्रीलंकाले खाद्यान्नमा ट्रान्स-फचाट एसिड उन्मूलनका लागि कानुन ल्याएका थिए । विश्वमा ट्रान्स-फचाट एसिड उन्मूलनका लागि कानुन ल्याउनेमा नेपाल पाचौं स्थानमा पर्दछ ।

डब्ल्युएचओले खाद्यपदार्थबाट ट्रान्स-फचाट एसिडहरू हटाउनाले मानिसको स्वास्थ्य र आरोग्यतामा सुधार आउनुका साथै सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने अकाल मृत्युदरलाई एक तिहाइले घटाउँदै दिगो विकासको लक्ष्य प्राप्त गर्न मद्दत पुग्ने जनाएको छ । *रासस*

# निषेधित क्षेत्रको अवधि दुई महिना थपिया

**काठमाडौं (प्रस)**- जिल्ला प्रशासन कार्यालय काठमाडौंले विगतमा निषेधित क्षेत्र तोकिएका स्थानलाई आगामी दुई महिनासम्मका लागि जुलुस, प्रदर्शन, धर्ना, घेराउ, अनशन, घेराउ, सभाजस्ता आन्दोलन वा विरोधका कार्यक्रम गर्न वर्जित स्थलका रूपमा निरन्तरता दिएको छ ।

यही फागुन ५ गतेदेखि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका मुख्य कार्यालय, अतिविशिष्ट पदाधिकारीको निवास, मुलुकको प्रशासनिक केन्द्र तथा मुख्य आगमन मार्गहरूमा विरोध वा प्रदर्शनी गर्न निषेध गरिएको हो ।

राष्ट्रपति कार्यालय शीतलनिवासको पूर्व पुरानो पवित्र वर्कसप चोक, पश्चिम सामाखुसी निस्कने नाला, उत्तर राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको दक्षिण पूर्वी गेट, दक्षिण प्रहरी अस्पताल जाने मोडसम्म निषेध गरिएको छ । प्रधानमन्त्री निवास बालुवाटारको पुरानो पवित्र वर्कसप चोकबाट रसियन राजदूतावास हुँदै इटालिया चोक, सभामुख निवासदेखि गैह्रीधारा जाने बाटोको पश्चिम दक्षिण, प्रधानन्यायाधीश निवासबाट लाजिम्पाट, राष्ट्र बैंक चोकबाट पूर्वतर्फ १०० मिटर र इटालिया चोकबाट ५० मिटर दक्षिणसम्म निषेधित क्षेत्र तोकिएको छ ।

'जिल्ला सुरक्षा समिति काठमाडौंको सिफारिसका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क)बमोजिम देहायको क्षेत्रमा मिति २०८०/११/०५ देखि बढीमा दुई महिनासम्मका लागि पाँच जनाभन्दा बढी व्यक्ति भेला जम्मा भई जुलुस, प्रदर्शन, धर्ना, घेराउ, अनशन, घेराउ, सभाजस्ता आन्दोलन वा विरोधका कार्यक्रम गर्न निषेध गरेको आदेश जारी गरिएको छ,' शुक्रबार जारी गरिएको आदेशमा भनिएको छ ।

# 'विकास र वातावरणबीच सन्तुलन कायम राख्दै दिगो विकास लक्ष्य हासिल गर्नुपर्छ'

■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)**- प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले विकास र वातावरणबीच सन्तुलन कायम राखी दिगो विकास लक्ष्य हासिल गर्नुपर्ने बताएका छन् । वन तथा वातावरण मन्त्रालय, न्यायाधीश समाज नेपाल र राष्ट्रिय प्रकृति संरक्षण कोषद्वारा शनिबार ललितपुरमा आयोजित 'वन्यजन्तु संरक्षण र वातावरणीय न्याय' विषयक एकदिवसीय सम्मेलनमा उनले विकास निर्माणसँगै वातावरणीय सन्तुलन कायम राख्दै प्राकृतिक धरोहरलाई जोगाउन अपरिहार्य भएको उल्लेख गरे ।

'कार्बन उत्सर्जन न्यूनीकरणका लागि विकास र वातावरणबीच सन्तुलन कायम राखी दिगो विकास लक्ष्य हासिल गर्नुपर्ने आजको आवश्यकता छ । वन, वन्यजन्तु तथा वातावरण संरक्षणका लागि धेरै कानुन छन्, तिनीहरूको कार्यान्वयनका लागि सम्बन्धित पक्षको ध्यान जानुपर्ने आवश्यकता छ,' उनले भने ।

वन्यजन्तु संरक्षण र वातावरणीय न्यायका सन्दर्भमा अदालतबाट भएका कतिपय फैसला अझै पनि कार्यान्वयन हुननसकेको उनले बताए । यसका लागि सम्बन्धित पक्षको ध्यानाकर्षण हुनु आवश्यक रहेको उनको भनाइ थियो । नेपाली समाजमा प्रकृति पुजन संस्कृति



रहेको बताउँदै उनले नेपालको भूवनोट र भौगोलिक धरातलीय दृष्टिकोणबाट वातावरण संरक्षण र त्यसप्रतिको चिन्ता अपरिहार्य रहेको उल्लेख गरे ।

वन तथा वातावरणमन्त्री डा. वीरेन्द्रप्रसाद महतोले वन्यजन्तु र मानवबीचको द्वन्द्व अहिलेको समस्या भएको बताउँदै वन्यजन्तु संरक्षणमा वातावरण परिवर्तन मुख्य चुनौती रहेको बताए । उनले मानवीय क्रियाकलाप बढ्दा वन्यजन्तुको बासस्थान र आहारविहार गर्ने क्षेत्रको विनास भइरहेको भन्दै यसलाई साझा मुद्दाका रूपमा लिइनुपर्नेमा जोड दिए ।

महान्यायाधिवक्ता डा. दिनमणि पोखरेलले वातावरणीय न्यायलाई विभिन्न आधारमा बुझ्न सकिने बताउँदै मानवीय आवश्यकतालाई केन्द्रमा राखेर जानुपर्ने बताए । न्यायाधीश समाजका महासचिव एवं विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवरले वन्यजन्तुको चोरीपैठारी र सिकारले प्रकृति ध्वस्त हुने भएकाले आजको समयमा व्यापक छलफल गर्नुपर्ने आवश्यकता रहेको बताए ।

राष्ट्रिय प्रकृति संरक्षण कोषका अध्यक्ष डा. कृष्णप्रसाद ओलीले वन्यजन्तुको संरक्षणका लागि बासस्थानको संरक्षण नै महत्त्वपूर्ण रहेको बताए ।

# 'बालबालिकाको क्यान्सर चाँडै निको हुन्छ'

**काठमाडौं (प्रस)**- बालबालिकामा हुने क्यान्सरको समयमा नै उपचार गरे चाँडै निको चिकित्सकले बताएका छन् । उमेर पुगेका मानिसको तुलनामा बालबालिकामा देखिएको क्यान्सर समयमा उपचार गरे निको हुने सम्भावना धेरै रहेको चिकित्सकको भनाइ छ ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानकी बाल रोग तथा क्यान्सर रोग विशेषज्ञ डा. सूचारिका तण्डुकारले बढी उमेर भएका क्यान्सर रोगीको तुलनामा बालबालिकामा हुने क्यान्सरको समयमा उपचार गर्दा निको हुने सम्भावना धेरै रहेको बताइन् । 'वयस्क व्यक्तिमा क्यान्सरसँगै अन्य रोग पनि देखिन्छ,' उनले भनिन्, 'क्यान्सर भएका बालबालिकामा अन्य रोगको सम्भावना कम हुने भएकाले समयमा उपचार गराउँदा निको हुने सम्भावना पनि धेरै हुन्छ ।'

डा. तण्डुकारका अनुसार नेपालमा उपचारको पहुँच नहुँदा धेरै बालबालिकाको क्यान्सरका कारण अकालमा मृत्यु हुने गरेको छ । वार्षिक करिब एक हजारसम्म बालबालिकाले क्यान्सरको उपचार गर्नुपर्नेमा अहिले ५०० ले मात्र उपचार गरिरहेका उनले जानकारी दिइन् ।

भक्तपुर क्यान्सर अस्पतालकी बाल क्यान्सर रोग विशेषज्ञ डा. ऋतु सापकोटाले मुलुकमा बालबालिकामा देखिएको क्यान्सर ३० प्रतिशत निको हुने गरेको बताइन् । 'समयमै अस्पताल पुग्न नसक्दा पूर्ण उपचार नपाएर करिब ७० प्रतिशतमा पूर्ण निको हुँदैन,' उनले भनिन् । उनका अनुसार नेपालजस्तो अल्पविकसित मुलुकमा बालबालिकामा हुने क्यान्सर निको हुने दर कम रहेको छ ।

विकसित देशमा ८० देखि ९० प्रतिशत बाल क्यान्सर निको पार्न सकिने डा. सापकोटाले जानकारी दिइन् । गरिबी, उपचारमा कम पहुँच हुनुलगायत कारणले उपचारमा समस्या भइरहेको उनको भनाइ थियो ।

डा. सापकोटाले वयस्क मानिसलाई क्यान्सरसँगै अन्य रोग पनि देखिने भएकाले निको हुने सम्भावना कम हुने बताइन् । 'बालबालिकामा अन्य कुनै रोगको लक्षण हुँदैन । त्यसैले क्यान्सर निको हुने सम्भावना धेरै हुन्छ,' उनले भनिन्, 'उमेर पुगेका मानिसमा उच्च रक्तचाप, मधुमेहलगायत अन्य रोग देखिने भएकाले क्यान्सर निको हुने सम्भावना कम हुन्छ ।'

नेपालमा क्यान्सर बिरामी बालबालिकामध्ये सन् २०३० सम्म ६० प्रतिशतलाई निको गराउने सरकारी लक्ष्य रहेको भक्तपुर क्यान्सर अस्पतालकी बाल क्यान्सर रोग विशेषज्ञ डा. सापकोटाले जानकारी दिइन् । उनले मुलुकमा बालबालिकामा हुने ब्लड क्यान्सर ९० प्रतिशत निको भइरहेको उल्लेख गरिन् ।

डा. सापकोटाका अनुसार बालबालिकलाई ब्लड क्यान्सर, आँखामा हुने क्यान्सर, कलेजो, हड्डी र मांसपेशीको क्यान्सर धेरै हुने गरेको छ । 'बालबालिकामा १० प्रतिशत वंशानुगत गुणबाट र ९० प्रतिशत जिनको खराबीका कारण क्यान्सर हुने गर्दछ । जन्मेदेखि पाँच वर्ष मुनिका बालबालिकालाई बढी क्यान्सर लाग्ने जोखिम रहन्छ,' उनले भनिन् ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, बिपी कोइराला मेमोरियल, भक्तपुर क्यान्सर अस्पताल, कान्ति बाल अस्पतालमा बाल क्यान्सरको उपचार हुने गरेको छ ।


सुदूरपश्चिम प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायल, डोटी**

**दुग्ध उत्पादन र बजारीकरणका आधारमा अनुदान परिचालन अन्तर्गत कृषकहरू तथा इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरूका लागि प्रस्ताव अव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/११/०६ गते**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायल डोटीको आ.व.२०८०।०८१ को वार्षिक स्विकृत कार्यक्रमअनुसार दुध उत्पादन कृषकहरूलाई प्रतिफलमा आधारित सहकारी मार्फत् बजारीकरणमा अनुदान कार्यक्रम रहेकोले सो कार्यक्रममा आफ्नो संस्थाको सदस्यता लिएका दुग्ध उत्पादक सदस्य कृषकहरूलाई संलग्न गराउन इच्छुक तपसिलमा उल्लेख भए वमोजिमका मापदण्ड पुगेका दुग्ध उत्पादक सहकारी संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन कार्यालय समयभित्र अनुसुचि-२ अनुसारको तोकिएको ढाँचामा निवेदन पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय दिपायल डोटी वा यस निर्देशनालयको सम्पर्क केन्द्र गेटा, कैलालीमा पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीका यस निर्देशनालयको वेभसाइट www.dolfddipayal.gov.np र यस निर्देशनालयका सूचना अधिकारी श्री पुष्करराज नाथको मोवाइल नं.९८५८४४०२२६ मा सम्पर्क गर्न सकिनेछ ।

**सहकारीको मापदण्ड**

(क) दैनिक सङ्कलित दुध/दुग्ध उत्पादक सहकारी संस्था आफैंले प्रशोधन गर्ने वा अन्य डेरी उद्योगलाई विक्री गरी दुध र दुग्धजन्य पदार्थहरूको वेचविखनको प्रवन्ध गरेको हुनुपर्नेछ ।
(ख) तराईको जिल्लाको हकमा दैनिक कम्तीमा ५०० लिटर र पहाडी जिल्लाहरूको हकमा दैनिक कम्तीमा २०० लिटर दुग्ध र वार्षिक कम्तिमा २०० दिनसम्म दुधको कारोबार गर्ने गरेको हुनुपर्नेछ ।
(ग) गत आर्थिक वर्षको माघ महिनादेखि चालु आर्थिक वर्षको पौष मसान्तसम्म गरेको दुग्ध कारोबारको अभिलेख समेत पेश गर्नुपर्नेछ ।
(घ) दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध ५० प्रतिशतभन्दा बढी पशुपालक कृषकहरूले पशु वीमा गरेको हुनुपर्नेछ ।
(ङ) सहकारीमा आबद्ध सबै कृषकहरूको फर्ममा जैविक सुरक्षा विधि अवलम्बन गरेको हुनुपर्नेछ ।
(च) सहकारीले कारोबार गर्ने गरेको दुधको गुणस्तर न्युनतम मापदण्डभित्र परेको हुनुपर्नेछ ।
(छ) जिल्ला दुग्ध उत्पादक सहकारी संघ भएको जिल्लाको हकमा उक्त संघको सिफारिस संलग्न गरेको हुनुपर्नेछ ।
(ज) नयाँ आवेदक सहकारीको हकमा गत वर्षमा दुग्धको कारोवार गरेको अभिलेख पेश गर्नुपर्ने र गत वर्षमा अनुदान प्राप्त गरेको सहकारीहरूको हकमा अनुदान प्राप्त गर्दाको बखत पेश गरेको पछिल्लो उत्पादनमा कम्तीमा १० प्रतिशत थप दुधको कारोबार गरेको हुनुपर्ने र सोको अभिलेख समेत पेश गर्नुपर्नेछ ।
(झ) सम्बन्धित सहकारीले आफूमाआबद्ध भएका कृषकहरूलाई अनुदान वितरणको मापदण्ड बनाई पेश गर्नुपर्नेछ ।
(ञ) सहकारी संस्थाहरूले संस्थागत रूपमा दुग्ध विक्री गरेको अभिलेख राखी प्रमाण पेश गर्नु पर्नेछ ।
(ट) पुराना सहकारी संस्थाको हकमा लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएको दुधको खरिद र विक्री गरिएको परिमाणलाई समेत आधार लिइनेछ ।
(ठ) आवेदन पेश गर्दा अनुदानग्राहीले १ लाख देखि पाँचलाखसम्म अनुदान माग गरेका कार्यक्रमका लागि तीनसय रूपैयाँ र सो भन्दा बढी अनुदान माग भएको कार्यक्रमको लागि एक हजार रूपैयाँ निवेदन दस्तुर बुझाएको बैंक भौचर पेश गर्नुपर्नेछ ।

**राजश्व जम्मा गर्दा देहाय** : अनुसारको राजश्व दाखिला फाराम भरी राजश्व वुझाएको भौचरको अर्धकट्टी प्रस्तावसँग पेश गर्नुपर्नेछ ।

| | |
|---|---|
| **राजश्व खाता रहेको बैंक शाखा** | : राष्ट्रिय वाणिज्य बैंक लि.केन्द्रीय कार्यालय |
| **बैंक खाता नम्बर** | : १०००१००२०००१०००० |
| **प्रयोजन** | : लागत साझेदारीमा कार्यक्रम सञ्चालनका लागि प्रस्तावना पेश गरे वापत |
| **कार्यालयको कोड** | : ३१२०२७१०१७ |
| **राजश्व शीर्षक** | : १४२२९ |

**निर्देशक**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मन्त्री ज्वालामाथि नैतिकताको प्रश्न

**गत १३ पुसमा ललितपुरको बालकुमारीमा भएको अप्रिय घटनामा दुई युवाले ज्यान गुमाए । कोरिया रोजगारीमा जान इपिएस भाषा परीक्षाका लागि फाराम भर्न पाउनुपर्ने मागसहित युवाहरूले गरेको प्रदर्शनका क्रममा प्रहरीले गोली चलाउँदा उनीहरूको घटनास्थलमै मृत्यु भएको थियो । सो दिन प्रदर्शनका क्रममा भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला चढेको गाडीमा आजगनी भएको थियो । प्रदर्शन भइरहेको बाटो हुँदै गएका मन्त्रीलाई ओरालेर आन्दोलनकारीले गाडी जलाएका थिए ।**

**सामान्य हिसाबले हेर्दा पनि यसमा मन्त्री ज्वाला दोषी देखिन्छ । किनकि आन्दोलनकारीको भिडमा झण्डा हल्लाउँदै जानु कुनै हिसाबले जायज मान्न सकिँदैन । वैकल्पिक मार्ग प्रयोग नगर्नु मन्त्री ज्वालाको मूर्खता थियो । जसको परिणाम मन्त्रीको गाडी जल्नुसम्ममात्रै नभई दुईजनाको ज्यानसमेत गुम्न पुग्यो ।**

**त्यसो त गृहमन्त्री नारायणकाजी श्रेष्ठले त्यतिबेलै संसदीय समितिमा मन्त्री ज्वाला आन्दोलन भइरहेको बाटोमा जानु गलत भएको टिप्पणी गरेका थिए । उक्त घटनको छानबिन गर्न सरकारले गठन गरेको जाँझबुझ आयोगले पनि मन्त्री ज्वालालाई नै मुख्य दोषी देखाएको छ । शुक्रबार जाँचबुझ आयोगको प्रतिवेदनले पनि ज्वाला नै मुख्य दोषी ठहर गरेको छ । सरकारले गठन गरेको आयोगको छानबिनले नै दोषी ठहर गरेपछि उनी नैतिक संकटमा परेका छन् । यससँगै उनलाई मन्त्री पद छाड्न दबाब बढेको छ । यद्यपि, पदबाट राजीनामा दिने छाँट मन्त्री ज्वालाले देखाएका छैनन् ।**

**जस्तोसुकै दोषी करार भए पनि राजनीतिक संरक्षण हुने गरेको आरोप नयाँ होइन । दलका नेताहरूले कानुनविपरीत क्रियाकलापमा संलग्न भए पनि छुट पाउने गरेका छन् । जसले मुलुकमा 'सानालाई ऐन, ठूलालाई चैन' भइरहेको छ । तर, कानुन सबैका लागि बराबर हो । अझ ऐन कानुन कार्यान्वयन गर्ने जिम्मेवारीमा रहेका व्यक्ति नै त्यसको बर्खीलाप हुने कार्यमा संलग्न हुनु ठीक होइन । राजनीतिमा नैतिकता सबैभन्दा ठूलो विषय हो । तर, नैतिकता प्रदर्शन गर्ने नेता कमै भेटिन्छन् । दुई व्यक्तिको ज्यानै जाने घटनामा दोषी करार भएपछि मन्त्री ज्वाला स्वयंले नैतिकताका आधारमा राजीनामा दिनु उपयुक्त हुन्छ । अब उनले के गर्छन् प्रतीक्षाको विषय बनेको छ ।**

**यता प्रधानमन्त्रीले मन्त्री ज्वालामाथि कस्तो कदम चाल्छ त्यो अर्को चासोको विषय बनेको छ । किनकि आफैंले गठन गरेको आयोगले दोषी ठहर गरेको व्यक्तिलाई मन्त्री पदमा राखिराख्ने कि नराख्ने भन्ने निर्णय गर्नुपर्ने छ । दोषी जो भए पनि उसले सजाय भोग्नैपर्छ । यसमा प्रधानमन्त्रीले खुट्टा कमाउनु हुँदैन । अन्यथा आयोग गठन गरेर छानबिन गर्नुको औचित्य रहँदैन ।**

## मनन्योग्य

### चाणक्य नीति

मुराले नचिनेका दुई अनौठा मानिस आएको देखी आसन ओछ्यान । युवक चन्द्रगुप्तले प्रणाम गरी पानीको व्यवस्था गरे । चाणक्यले चन्द्रगुप्तलाई गहिरिएर हेरे । एकछिनपछि मुरालाई शकटारले आफूहरू आउनुपर्ने प्रयोजन बताए । अब सय आयो, हामी तिम्रा चन्द्रगुप्तलाई चाहान्छौँ । मुराले भनिन्-'म दुःखीको एक मात्र सहारा यही छ, यसलाई म कसरी दिऊँ ।'

गौरसँग हेर्दै चाणक्यले भने-'देवी ! तपाई धन्य हुनुहुन्छ, जसका कोखबाट चन्द्रगुप्तजस्तो पुत्र प्राप्त भयो र हामी यिनलाई समयमै वीरता र धीरताको शिक्षा दिन खोजिरहेछौँ ।'

'आज राजा नन्दको अत्याचार, भोग-विलासका कारण सम्पूर्ण मगध नयाँ शासकका लागि पर्खिरहेछ । नन्दका नन्दका चारैतिर चाकडी र प घेराउ छ । जसले पनि आफ्नै ढुकुटी गरिरहेछन्, कसैलाई छैन । यस्तो अवस्थामा मगधलाई वीरतापूर्वक सही आफ्नो माता गर्ने एक साहसी राजाको आवश्यकता छ । यी सबै गुण हामीले चन्द्रगुप्तमा देख्यौ ।

मुराले दयनीय अवस्थामा भनिन्-'महाराज ! यो सबै ठीक छ तर म यो चाहन्न राजनीतिका खेलमा म दुःखीको एक मात्र सहारा बलिदानत्र होओस् । अर्को कुरा नन्दलाई मुराको पुत्र हो भन्ने आभास मात्रै भए पनि नन्दले यसको हत्या गराउँछ ।'

होइन देवी ! नन्द कसैको असल चाहँदैन । चाणक्यले चन्द्रगुप्तलाई मगधको राजसिंहासन दिलाउनेछ । चाणक्य छउन्जेल नन्द अथवा नन्दका कुनै पनि व्यक्तिले तपाईले चन्द्रगुप्तको रौँ पनि टेडो (बाङ्गो) पार्न सक्तैनन् र मगधका लागि तपाईले संकीर्ण स्वार्थको त्याग अवश्य गर्नुपर्छ । मगधका व्यक्ति-व्यक्तिले तपाईंको यो उपकारको ऋणी भएको महसुस गर्नेछन् ।

यो सबै सुनी मुराले दुःखित हुँदै भनिन्- 'तपाईंहरू नै जान्नोस, म आफ्नो कलेजाको टुक्रा तपाईंका जिम्मा दिदैछु अब यसको संरक्षक तपाईं हुनुहोस् ।'

यो कुरा चन्द्रगुप्त चुपचाप सुनिरहेथे । चाणक्यको दृष्टि चन्द्रगुप्तपट्टि थियो । यो देखी चन्द्रगुप्तले चाणक्यलाई दण्डवत् गरे र भने- 'स्वामी !'

यति हतार नगरी गुरुदेव ! यदि उसलाई हामीले बन्दी बनाइराख्यो मन पनि के विग्रिन्छ र ? के बिगार्न सक्छ र उसले ?

'शत्रु जीवित भएमा धेरै विग्रिन सक्छ । महानन्दले शकटार कात्यायनलाई जीवित नराखी वध गरिदिएको भए आज उसले बन्दी हुनुपर्ने थिएन ।

तर गुरुदेव ! असमन्जस हुँदै चन्द्रगुप्तले भने । तर के ? मोह भरिएर आएजस्तो छ बाबुको, यो मोहमा आफ्नो उद्देश्य के हो, बिर्सियौ ? अलिक रोपयुक्त स्वरमा चाणक्यले भने । क्रमशः

# लोकतन्त्र, मानवअधिकार र जनअपेक्षा



▶▶ डा. टीकाराम पोखरेल

नेपालमा प्रजातन्त्रको स्थापना भएको सात दशक नाघिसक्यो । प्रजातन्त्रको पुनःस्थापना भएकै झण्डै चार दशक हुन लागिसक्यो । प्रजातन्त्रलाई लोकतन्त्र र गणतन्त्रको लेपन लगाएको पनि दुई दशक हुन लाग्यो । नयाँ संविधान जारी भएको पनि दशक पुग्नै लाग्यो । अभ्यासका दृष्टिले अन्य देशको तुलनामा नेपालमा सबैभन्दा बढी विभिन्न प्रकारका प्रजातन्त्रका अभ्यासहरू भएका छन् । अधिकारका लागि आन्दोलन भए, द्वन्द्व भए, हिंसा गरिए, सम्झौता गरिए । पटक-पटक व्यवस्था फेरिए, संविधान फेरिए । जे जति राजनीतिक परिवर्तन भए, जे जति व्यवस्था फेरिए, जे जति संविधान बने, ती सबै जनताको नाममा भए । तर जनताको नाममा भएका परिवर्तनले जनताको जीवनशैलीमा भने अपेक्षाकृत परिवर्तन ल्याएन ।

प्रजातान्त्रिक इतिहासको सात दशकमा सातवटा संविधान जारी भए । छोटो अवधिमा धेरै संविधानको अभ्यास गर्ने मुलुकको सूचीमा नेपाल पर्‍यो । छिटोछिटो राजनीतिक व्यवस्था परिवर्तन गर्ने देशको सूचीमा पनि विश्वका अन्य मुलुकलाई नेपालले उछिन्यो । राणा शासन, पञ्चायती व्यवस्था, बहुदलकाल र गणतन्त्रको अभ्यास एउटै मान्छेले आफ्नै जीवनकालमा देख्न र भोग्न पाए । सम्भवतः एउटै मान्छेले जीवनकालमा यति धेरै व्यवस्था देख्न भोग्न पाउनु पनि दुर्लभ नै हो । थोरै भाग्यमानी मान्छेले मात्र यस्तो दुर्लभ दृश्य देख्न पाउँछन् ।

**लोकतन्त्रमा जनअपेक्षा**

नेपालमा पछिल्लो समय प्रजातन्त्रलाई लोकतन्त्र भन्न थालिएको छ । लोकतन्त्र प्रजातन्त्रकै उन्नत रूप हो । तर शब्दमा परिवर्तन गरेर मात्र उन्नत प्रजातन्त्र हुँदैन । उन्नत हुन त व्यवस्था जनतासँग जोडिनुपर्छ । जनताका अपेक्षाको सम्बोधन हुनुपर्छ । जनताका लागि, जनताद्वारा, जनताको शासन भनिने प्रजातन्त्र उन्नत त्यतिबेला हुन्छ जब जनताले शासनसत्तामा अपनत्वको अनुभूति गर्छन् ।

देशको जनसंख्याको सबैभन्दा सानो हिस्सामात्र राजनीतिमा सक्रिय छ । जो राजनीतिमा सक्रिय छ उसले आफ्नो राजनीति गर्ने अधिकार सुनिश्चित हुनुलाई अधिकारको सुनिश्चित ठान्ला तर सम्पूर्ण जनसंख्याको ठूलो हिस्सा राजनीतिक अधिकारको अलावा आर्थिक अधिकारको पर्खाइमा छ । आमजनताको अपेक्षा भनेको आधारभूत रूपमा गास, बास, कपासदेखि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका हुन्छन् । जीवनयापन गर्न विदेश जानु नपरोस्, बिरामी हुँदा उपचार पाइयोस्, आफ्ना छोराछोरीलाई राम्ररी शिक्षा दिन सकियोस्, दुई छाक टार्न कुनै कठिनाइ नहोस्, देशमा सुशासन होस्, भ्रष्टाचारको अन्त्य होस्, विधिको शासन कायम होस्, विकास निर्माणले तीव्रता पाओस् । कसैप्रति अन्याय नहोस्, अन्याय भैहालेमा न्याय प्राप्त होस् । समाजमा शान्ति सुरक्षा कायम होस् । नागरिकका गुनासा राज्यले सुनुवाइ गरोस् । सेवा प्रवाह छिटोछरितो होस् । जनताका यस्तै अत्यन्त न्यूनतम् अपेक्षा न छन् । जो हरेक व्यक्तिले नागरिकको रूपमा प्राप्त गर्नुपर्ने अधिकार हुन् । तर बहस देशमा गास, बास, कपासको भन्दा नागरिक तथा राजनीतिक अधिकारको छ । जनताको ठूलो हिस्साको अपेक्षाचाहिँ आर्थिक अधिकारको सुनिश्चितता होस् भन्ने छ ।

**पछिल्लो राजनीतिक परिदृश्य**

'व्यवस्था परिवर्तन भयो तर अवस्था परिवर्तन भएन' भनेर सुगारटाइ गरेको पनि केही देशक भइसक्यो । राणा शासनलाई पञ्चायतले गाली, पञ्चायतलाई बहुदलले गाली र बहुदललाई गणतन्त्रले गाली गरेको परिदृश्य नौलो रहेन । इतिहासको पुनरावृत्ति गर्दै यतिबेला गणतन्त्रलाई पनि गाली गर्ने अभ्यास हुन थालेको छ । राजनीतिक दलहरूमा झांगिएको अरूले जतिसुकै राम्रो काम गरे पनि गाली गर्ने र आफूले जस्तोसुकै काम गरे पनि ताली नै चाहिने मनोवृत्तिको सिकार वर्तमान राजनीति भएको छ ।

प्रजातन्त्र सर्वस्वीकार्य व्यवस्था नभए पनि तुलनात्मक रूपमा बहुस्वीकार्य व्यवस्था अवश्य हो । तर प्रजातन्त्रका नाममा गरिएका अप्रजातान्त्रिक क्रियाकलापले लोकतन्त्रलाई आलोच्य बनाइरहेको छ । राजा महेन्द्रले पञ्चायती व्यवस्थाको औचित्य पुष्टि गर्न दलीय स्वार्थको पासा फालेका थिए । दलीय स्वार्थले देश धरापमा परेको कारण दलमाथि प्रतिबन्ध लगाउनुपरेको र देशको माटो सुहाउँदो निर्दलीय व्यवस्था ल्याउनुपरेको महेन्द्रको दाबी थियो । तत्कालीन अवस्थामा दलहरूले प्रजातन्त्रलाई आलोच्य बनाउन मलजल गरेकै हो, त्यसको फाइदा महेन्द्रले उठाए । यतिबेला पनि लोकतन्त्रलाई बदनाम गराउन दलहरूको झिनाझम्टीले काम गरिरहेको छ ।

> नेपालका राजनीतिक दलहरूको प्रजातन्त्रप्रतिको निष्ठा ज्यादै प्रशंसनीय छ । प्रजातन्त्रको बहाली र यसको विकासमा दलहरूले खेलेको भूमिकालाई नजरअन्दाज गर्न मिल्दैन । तर आर्थिक परिवर्तन गर्न नसकेको कुरा पनि अस्वीकार गर्न मिल्दैन । प्रजातन्त्र हामीले नै ल्याएकाले प्रजातन्त्र मेरै हो भनेर दलहरूले प्रजातन्त्रलाई पेवा ठान्न हुँदैन । प्रजातन्त्रको बहालीमा होस् वा यसको रक्षामा दलहरूले गरेको हरेक संघर्षमा जनताको साथ थियो छ र हुने छ ।

राजनीतिक दलहरूले आफूलाई लोकतन्त्रको संवाहक भनिरहेका छन् । दलहरूकै नेतृत्व र जनताको साथले प्रजातन्त्र आएको हुँदा दलहरूको यो दाबीमा आंशिक सत्यता छ, तर प्रजातन्त्रका संवाहक हुँ भन्दैमा त्यसलाई कुरूप बनाउने अधिकार दलहरूलाई छैन । प्रजातन्त्र भनेको दलको जति हो, त्योभन्दा बढी जनताको सम्पत्ति हो । लोकतन्त्रको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने दलहरूका वर्तमानका क्रियाकलाप नै लोकतन्त्रको आलोचनाका लागि कारक हुनु चिन्ताको विषय हो ।

देश संघीय प्रणालीको अभ्यासमा छ, तर संघीयताप्रति आमजनताको असन्तुष्टि बढ्दो छ । संघ-प्रदेशबीचको क्षेत्राधिकारको विवाद र तीन तहका सरकारको बढ्दो खर्चले संघीयतामाथि हिलो छ्यापिरहेको छ । संघीयतामाथि उठेका विवाद र कमजोरीले आखिर संघीयता विरोधी शक्तिलाई नै फाइदा पुग्न सक्छ । राजनीतिक खिचातानीको दृश्यले सहिदहरूको बलिदानीलाई गिज्याइरहेको छ । ठूला भनिएका नेता आफ्नो अस्तित्व बचाउन चिन्तित छन् । देश र जनताको लागि गरिनुपर्ने चिन्तनको खडेरी नै छ । गान्धी, मण्डेला, महाथिर, लिक्वानजस्ता सर्वस्वीकार्य नेताको यहाँ अभाव खड्किएको छ । संक्रमणकालीन अवधिमा यस्ता नेता देशले खोजेको हुन्छ । तर यहाँ एकले अर्काको अस्तित्व कुनै पनि हालतमा स्वीकार नगर्ने मनोग्रन्थीको विकास भएको छ ।

राजनीति संकृति बन्नुको साटो विकृति बनेको छ । पर्दाबाहिर देखिने राजनीति र पर्दाभित्र देखिने राजनीतिबीच ठूलो खाडल छ । जनताको अपेक्षा एकातिर र परिणाम अर्कातिर छ । बिपी कोइरालाको समाजवाद र मदन भण्डारीको जबज चुनावका एजेण्डामा मात्र सीमित छन् । वैकल्पिक बन्न खोजेका राजनीतिक शक्तिहरूले पनि छोटो समयमै निराशाका बीज छरेका छन् । पार्टीका दस्तावेज र चुनावी घोषणापत्रमा जनताको सबै अधिकार छन् तर व्यवहारमा कतै छैनन् ।

समावेशी लोकतन्त्र र लोकतान्त्रिक गणतन्त्रमा सर्वोच्चता जनताको हुनुपर्छ । सिद्धान्ततः यसलाई स्वीकारिए पनि व्यवहारतः नेताको सर्वोच्चता छ । त्यो पनि दुई/चार जना नेताको निर्णय समग्र जनताको निर्णय बन्छ । आफ्नो नाममा गरिएको अप्रजातान्त्रिक क्रियाकपलापको जनता निरीह दर्शक बनेका छन् । जनता चुनावमा सत्ता चढ्ने माध्यममा मात्र प्रयोग भएका छन् । राजनीतिमा लागेको विकृति विसंगतिको जालो हटाउन सकिएको छैन । राजनीति देशको चिन्तनको मियोमा घुम्नुपर्ने हो तर नेताको भविष्यको चिन्ताको मियोमा घुमेको छ ।

**देशको मानवअधिकारको अनुहार**

सरकारको प्राथमिकताको काम मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्नु हो । तर मानवअधिकारको सवाल सरकारको आँखामा परेको छैन । देशको समृद्धिको महल मानवअधिकारको जगमा मात्र सम्भव छ भन्ने कुरा राज्यका निकायले बुझ्न सकेनन् वा बुझाउन सकिएन । सुशासनका सवाल छायाँमा परेसम्म देशको उन्नति सम्भव छैन । देशभित्र स्वास्थ, शिक्षा, यातायात, आवासबाट वञ्चित हुनेको संख्या ठूलो छ । दलित अपांग, महिला, आदिवासी, मधेशी र विपन्न वर्गका अधिकारहरूको सुनिश्चितता संकुचनमा परेको छ । मानवअधिकारप्रति शब्दमा सम्मान भए पनि व्यावहारिक कार्यान्वयन छैन । मानवअधिकारमैत्री संविधान बने पनि यसको कार्यान्वयन पक्ष ज्यादै फितलो छ ।

विधिको शासनमाथि चुनौती छ । सरकार आफूले मानवअधिकारको उल्लंघन नगरेको हुँदा मानवअधिकारमैत्री छु भन्ने दाबी गर्छ । तर सरकारको दायित्व मानवअधिकार उल्लंघन नगर्नुमात्र होइन, मानवअधिकारको उपभोगको सुनिश्चित गर्नु पनि हो । नागरिकका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको सुनिश्चितता छैन । नागरिकका यस्ता अधिकारहरू सरकार सुन्दैन, देख्दैन, बुझ्दैन । देशको बिग्रँदो अर्थतन्त्रले नागरिकको जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको छ । देश नफर्कने कसम खाँदै हजारौं नागरिक दिनहुँ विदेसिदै मात्र छैनन्, देशप्रति वितृष्णा ओकलिरहेका छन् ।

संविधानले समावेशी लोकतन्त्रको परिकल्पना गरे पनि पछाडिको वर्गको सार्थक समावेशीकरण हुन सकेको छैन । राजनीतिक वृत्त सशक्तीकरणभन्दा आरक्षणमा बढी रमाउँदा समावेशी वर्गका पनि उही टाठाबाठा व्यक्ति नै राज्यसत्तामा पुग्छन् । दूरदराजमा विकास निर्माणका कार्यले तीव्रता पाउन सकेको छैन । वादी, राउटे, चेपाङजस्ता अति सीमान्तकृत वर्गका अधिकार राज्यका आँखाबाट निकै टाढा छन् ।

**कालो बादलमा चाँदीको घेरा**

त्यसो त नेपालको लोकतन्त्र भनेको 'इदं भ्रष्टम् उदम भ्रष्टम्' को चित्रण होइन । आसलाग्दा विषय पनि छन् । लोकतन्त्र भनेको यति सुन्दर व्यवस्था हो, जहाँ लोकतन्त्रकै पनि आलोचना गर्न पाइन्छ । वर्तमानमा लोकतन्त्रप्रतिको असन्तुष्टि र आलोचना त्यसैको प्रतिविम्ब पनि हो । नागरिक अधिकारको सुनिश्चिता, मौलिक हकको व्यवस्था, अभिव्यक्ति स्वतन्त्रताको सम्मान, सरकारको आलोचना गर्ने पूर्ण स्वतन्त्रता, जननिर्वाचित व्यवस्थापिका, सक्षम र स्वतन्त्र न्यायपालिका, शक्ति सन्तुलनको उच्चतम् अभ्यास लोकतन्त्रका सबल पक्ष हुन् । जनताले आवधिक रूपमा सरकार निर्माण गर्न पाउनु र राज्य शक्तिको स्रोत जनता हुनु लोकतन्त्रको सुन्दरता हो । जननिर्वाचित सरकार संसद् र जनताप्रति उत्तरदायी हुनुपर्ने व्यवस्थाका कारण नेपालको लोकतन्त्रलाई उन्नत लोकतन्त्र मान्नुपर्छ । नेपालको लोकतन्त्रको जग बलियो छ । भविष्यमा यो जगमा बलियो महल ठड्याउने सके लोकतन्त्र सुदृढ हुँदै जान्छ ।

नेपालको संविधान मानवअधिकारमैत्री छ । त्यसलाई इमान्दारपूर्वक कार्यान्वयनमात्र गर्न सके पनि नागरिकका धेरै अधिकारहरू सुनिश्चित हुन्छन् । भौगोलिक रूपमा नेपाल चीन र भारतजस्ता महाशक्ति (राजनीतिक र आर्थिक दुवै रूपमा) राष्ट्रको बीचमा छ । विश्वका अन्य शक्ति मुलुकहरूको पनि नेपालमा ध्यान केन्द्रित हुन थालेको छ । नेपालले यस्ता शक्ति राष्ट्रहरूको चेपुवामा परेर खुम्चिने होइन, बरू सामरिक महत्त्वको भूमिको रूपमा ती देशहरूबाट आर्थिक तथा विकासका एजेण्डामा फाइदा लिन सक्नुपर्छ । त्यसो त आफ्नै देशकै स्रोत र साधनको सदुपयोग गर्न सके पनि देश धनी हुने कुरामा द्विविधा छैन ।

राजनीतिक दलहरू बीच मेलमिलाप र सहकार्यको संस्कार विकसित भए देश बन्न लामो समय लाग्दैन । मात्र दशक भए पुग्छ तर साझा प्रयास आवश्यक छ । विगतमा राजनीतिक दलहरूले राजनीतिक एजेण्डामा गरेको सहकार्य र देखाएको अभूतपूर्व एकता देशको आर्थिक कायापलट गर्ने कुरामा पनि हुनुपर्छ । देश आर्थिक रूपमा सवल भएमात्र प्रजातन्त्र सबल हुन्छ । कागजी प्रजातन्त्रलाई सार्थक प्रजातन्त्रमा बदल्न देशको आर्थिक अनुहार बदल्नै पर्छ ।

**चुनौती**

लोकतन्त्रमा सम्भावना धेरै छन् । सम्भावनासँगै चुनौती पनि छन् । संविधान र कानुनको कार्यान्वयन गराउने चुनौती छ । विधिको शासन स्थापना गर्नु, सुशासन कायम गर्नु, भ्रष्टाचारको अन्त्य गर्नु, नागरिकलाई जिम्मेवार बनाउनु, राज्यका निकायलाई थप जिम्मेवार बनाउनु चुनौतीपूर्ण छ । विधिको शासनको सुनिश्चितता गर्न सके सुशासन कायम गर्ने निकै कठिन छ ।

नागरिकलाई अधिकार खोज्न धेरै सिकाउनु पर्दैन तर कर्तव्य पालना गर्न सिकाउनु छ । राजनीतिक परिवर्तन गर्न जस्तो सजिलो आर्थिक विकास गर्न छैन । तर असम्भव पनि छैन । मानवअधिकार नै समृद्धिको मूल बाटो हो, तर मानवअधिकारप्रति राज्यका निकायलाई बुझाउन र जिम्मेवार बनाउन चुनौती नै छ । चुनौती भए पनि चुनौतीको चाङलाई भऱ्याङ बनाएर प्रगतिको चुचुरोमा पाइला टेक्नुछ ।

**निष्कर्ष**

नेपालका राजनीतिक दलहरूको प्रजातन्त्रप्रतिको निष्ठा ज्यादै प्रशंसनीय छ । प्रजातन्त्रको बहाली र यसको विकासमा दलहरूले खेलेको भूमिकालाई नजरअन्दाज गर्न मिल्दैन । तर आर्थिक परिवर्तन गर्न नसकेको कुरा पनि अस्वीकार गर्न मिल्दैन । प्रजातन्त्र हामीले नै ल्याएकाले प्रजातन्त्र मेरै हो भनेर दलहरूले प्रजातन्त्रलाई पेवा ठान्न हुँदैन । प्रजातन्त्रको बहालीमा होस् वा यसको रक्षामा दलहरूले गरेको हरेक संघर्षमा जनताको साथ थियो छ र हुने छ ।

प्रजातन्त्रका लागि जनताले गरेको बलिदानी र संघर्ष दलहरूले बिर्सने हो भने न दलको भविष्य हुन्छ, न त देशले नै मुहार फेर्छ । त्यसैले जनताको अपेक्षा पूरा गर्न दलहरू इमान्दार हुनुपर्छ । दलीय व्यवस्थामा सरकार दलको हुने भएकाले दल इमान्दार हुनु भनेकै सरकार इमान्दार हुनु हो । राष्ट्र भनेको भूगोलमात्र होइन, व्यवस्था मात्र होइन, मूलतः जनता हो । त्यसैले जनताका अधिकारको सुनिश्चितत राज्यले गर्नैपर्छ । *रासस*

*(लेखक राष्ट्रिय मानवअधिकार आयोगका सहसचिव एवं प्रवक्ता हुन्)*



**बुलबुले तालको सरसफाइ** कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा रहेको प्रमुख पर्यटकीयस्थल बुलबुले तालको सरसफाइ गरिँदै । तालभित्रको फोहोर र घाँसहरू हटाएर अब केही दिनमा ढुंगा चलाउने तयारी रहेको वीरेन्द्रनगर नगरपालिकाले जनाएको छ । *तस्बिरः सुरेश आचार्य/रासस*

### विकासका काममा आलटालले प्रवृत्ति

# योजना १७ सयभन्दा बढी, सम्झौता ७०० को मात्र

■ **हेमन्त केसी**

**जाजरकोट-** कर्णाली प्रदेशको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले एक हजार ७१२ योजनामा हालसम्म ७३४ को मात्र सम्झौता गरेको छ । प्रदेशका १० जिल्लाको विवरणअनुसार डोल्पामा १५४ मध्ये २२ वटा योजनाको मात्र सम्झौता भएको छ ।

जुम्लामा मन्त्रालयले पठाएको १३९ योजनामध्ये ४९ वटाको मात्र सम्झौता भएको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयअन्तर्गत योजना महाशाखाका प्रमुख गोपाल शर्माले जानकारी दिए । उनका अनुसार मन्त्रालयको वित्तीय प्रगति ८.१८ प्रतिशत रहेको छ भने भौतिक प्रगति २२ प्रतिशत रहेको छ ।

सुर्खेतमा २०० योजनामध्ये ९८, दैलेखमा १८० मध्ये ८५, कालीकोटमा १९३ मध्ये ७८, सल्यानमा १२७ मध्ये ७१, रुकुम पश्चिममा १९० मध्ये ९५, जाजरकोटमा २१५ मध्ये ७५, हुम्लामा १६१ मध्ये ६१ र मुगुमा १५१ योजनामध्ये १०० को सम्झौता भएको मन्त्रालयको सूचना शाखाले जनाएको छ ।

मन्त्रालयले आयोजना गरेको अर्धवार्षिक समीक्षा कार्यक्रममा उक्त विवरण सार्वजनिक गरिएको थियो । भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयसँगै रहेकामा यसलाई अलग गरी जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयका रूपमा कार्यसञ्चालन भइरहेको छ । गत कात्तिक, मंसिरभित्र सबै योजनाको सम्झौता गरिसक्न प्रदेश सरकारले दिएको निर्देशन आन्तरिक मन्त्रालयमार्फत जिल्ला कार्यालयले कार्यान्वयन नगर्दा समस्या आएको योजना महाशाखाका प्रमुख शर्माले बताए । मन्त्रालयबाट पटक-पटक दिइएको निर्देशनलाई जिल्ला कार्यालयका प्रमुखले ध्यान नदिने गरेका उनको भनाइ थियो ।

मन्त्रालयले दोस्रो कार्यकालको एक वर्ष बिताइसक्दासम्म बजेट तथा अन्य योजना कार्यान्वयनको अवस्था सन्तोषजनक नरहेको पाइएको छ । आवश्यक सांगठनिक संरचना र कर्मचारी अभावमा मन्त्रालयले योजना कार्यान्वयन गर्न नसकेको मन्त्रालयका अधिकारीको भनाइ थियो ।

महाशाखाका प्रमुख शर्माका अनुसार प्रदेशका दशवटै जिल्लामा मन्त्रालय मातहतका कार्यालयहरू स्थापना गरिएका छन् । पर्याप्त जनशक्ति नहुँदा कार्यसम्पादनमा समस्या हुने गरेको उनको भनाइ थियो । मन्त्रालय र मातहतका कार्यालयमा २२२ कर्मचारीको स्थायी दरबन्दी रहेकामा हाल १७९ कार्यरत रहेका शर्माले जानकारी दिए । रिक्त ४३ पद खाली रहेको उनले बताए ।

मन्त्रालयले दिएको निर्देशन जिल्लास्थित कार्यालय प्रमुखले समयमा कार्यान्वयन नगरेका मन्त्रालयको समीक्षामा गुनासो गरिएको थियो । समीक्षा बैठकमा आफूखुसी काम गर्ने प्रवृत्ति बढेको अधिकांशको गुनासो थियो । प्रदेशको लेखा नियन्त्रण कार्यालयले दिएको जानकारीअनुसार यस मन्त्रालयले हालसम्म चालु ३०.७५ प्रतिशत, पुँजीगत ६.४० र समग्र खर्च ८.२७ प्रतिशत खर्च गरेको छ ।

मन्त्रालयले आफ्नो कार्यक्षेत्रभित्रका योजना निर्माण गरे पनि कार्यान्वयनको गति भने सुस्त देखिएको छ । सिँचाइ आयोजनालाई प्राथमिकतामा राखेर अघि सारिएको छ । जसअनुसार चालु आर्थिक वर्षभित्रमा थप चार हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने रणनीति मन्त्रालयले तय गरिएको जलस्रोत तथा ऊर्जा विकासमन्त्री उर्मिला विकले जानकारी दिइन् । उनका अनुसार कृषि उत्पादनलाई प्रोत्साहन गर्दै आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न रणनीतिक रूपमा सिँचाइ सुविधा उपलब्ध गराउन लागिएको हो ।

सतह सिँचाइ, भूमिगत तथा अन्तरजलाधार स्थानान्तरणलगायत योजनालाई दीर्घकालीन लक्ष्यका साथ अगाडि बढाउँदै प्रभावकारी सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको मन्त्रालयले जनाएको छ । सोहीअनुसारको बजेट तथा कार्यक्रम बाँडफाँट भएको मन्त्री विकले दाबी गरिन् । उनका अनुसार सिँचाइ कार्यक्रमका लागि यस वर्ष मन्त्रालयले एक अर्ब चार करोड रूपैयाँ बजेट विनियोजन गरेको छ ।

मन्त्री विकका अनुसार प्रदेशभर साना-ठूला गरी ५०० पुराना सिँचाइका कार्यक्रम सञ्चालन भइरहेका छन् । चालु आवमा थप २०० नयाँ योजना सञ्चालनको तयारी भइरहेको उनले जानकारी दिइन् । कृषियोग्य भूमिको सीमित उपलब्धता र बढ्दो जनसंख्याका कारण कृषि उत्पादकत्व बढाउनुपर्ने भएकाले सिँचाइ सुविधा उपलब्ध गराउन लागिएको उनको भनाइ थियो ।

सिँचाइ पूर्वाधारको विकासका साथै सम्पन्न सिँचाइ प्रणालीको योजनाबद्ध व्यवस्थापन, सुदृढ एवं प्रभावकारी बनाउन मन्त्रालयले सघन प्रयास थालेको जलस्रोत तथा ऊर्जा विकासमन्त्री विकले बताइन् । उनका अनुसार परम्परागत प्रविधि र आर्थिक दृष्टिकोणबाट सम्भाव्य आधाभन्दा बढी कृषियोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउन बाँकी रहेको छ ।

सिँचाइ विकासको नवीनतम् प्रविधिमार्फत पहाडी भेगका सुक्खा तथा टारक्षेत्रमा सिँचाइ उपलब्ध गराउने लक्ष्य राखिएको मन्त्री विकले बताइन् । बृहत् र ठूला सिँचाइ प्रणालीको व्यवस्थापन गरी किसानलाई भरपर्दो सिँचाइ सुविधा पुऱ्याउन लागिएको उनको भनाइ थियो ।

'सिञ्चित क्षेत्र वृद्धि गर्नुका साथै जलस्रोतको बहुद्देश्यीय उपयोगमा जोड दिने, विकसित सिँचाइ प्रणालीमा व्यवस्थापन गरी सुदृढीकरण गर्ने, दिगोपन बढाउने, सिँचाइको आवश्यकता भएको स्थान र समयमा निर्वाधरूपमा वर्षैभरि पानीको उपलब्धता बढाउने मन्त्रालयको लक्ष्य छ,' मन्त्री विकले भनिन् । कर्णालीमा कृषियोग्य जमिनको क्षेत्रफल धेरै भए पनि सिँचाइको अभाव रहेको भन्दै हालसम्मको तथ्यांकले कूल सिञ्चित क्षेत्रफल २८.८ प्रतिशतमात्रै देखिएको उनले जानकारी दिइन् ।

मन्त्रालयले स्वच्छ तथा गुणस्तरीय खानेपानी उपभोग गर्न पाउने जनताको मौलिक हक कार्यान्वयन गर्नका लागि खानेपानी संरचना निर्माणलाई प्राथमिकतामा राखेको मन्त्रालयअन्तर्गत योजना महाशाखाका प्रमुख शर्माले बताए । उनका अनुसार सिँचाइयोग्य जमिनको संरक्षण गर्न तथा संरक्षित कृषियोग्य भूमिमा बाह्रैमहिना सिँचाइ सुविधा पुऱ्याउन संरचना निर्माणका काम भइरहेका छन् ।

टार सिँचाइ कार्यक्रमका लागि प्रतिफल देखिनेगरी प्राथमिकीकरण गरेर बजेट तथा कार्यक्रम बनाइएको मन्त्री विकले जानकारी दिइन् । उनका अनुसार प्रदेशमा विद्युत् पहुँच विस्तार गर्न कर्णाली उज्यालो कार्यक्रम, विद्युत् प्रसारण लाइन नपुगेका जिल्लामा ग्रामीण विद्युतीकरण कार्यक्रम र नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालनमा भइरहेका छन् ।

आगामी आवमा खानेपानी, सरसफाइ, सिँचाइ र ऊर्जा विकाससम्बन्धी ऐन-कानुन निर्माणमा विशेष पहल गरिने मन्त्री विकले बताइन् । उनका अनुसार कर्णाली प्रदेशको विद्युत् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० प्रदेशसभामा पेस गरिएको छ ।

मन्त्रालयले चालु आवमा सौर्य ऊर्जाको कार्यक्रमलाई पनि सँगसँगै लैजाने गरी रणनीति बनाइएको मन्त्री विकले बताइन् । उनका अनुसार नविकरणीय ऊर्जा प्रवर्द्धन कार्यक्रमका लागि १० करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । विशेष गरेर डोल्पा, मुगु, हुम्ला र जाजरकोटमा यी कार्यक्रम केन्द्रित गरिने मन्त्रालयले जनाएको छ । *रासस*

# विद्यार्थी घटेपछि सामुदायिक विद्यालयलाई आवासीय बनाइँदै

**पर्वत (प्रस)-** पर्वतको फलेवास नगरपालिका-५ खानीगाउँस्थित चितिपानीमा रहेको ध्रुव नमूना माविलाई आवासीय विद्यालयका रूपमा सञ्चालन गरिने भएको छ । आगामी शैक्षिकसत्रदेखि बालकक्षादेखि कक्षा १० सम्म अध्ययन गर्ने विद्यार्थीलाई आवासीय सुविधा दिन थालिएको हो ।

गत माघ २५ गते भएको अभिभावक भेलाले विद्यालयबाट गुणस्तरीय र प्रभावकारी शिक्षा दिनका लागि आवासीय बनाएर अघि बढ्नुपर्ने निष्कर्ष निकालेको थियो । यही फागुन २ गतेको विद्यालय व्यवस्थापन समितिको बैठकले आगामी शैक्षिकसत्र (२०८१) देखि बालकक्षादेखि कक्षा १० सम्म यातायातको सुविधासहित आवासीय विद्यालयका रूपमा सञ्चालन गर्ने निर्णय गरेको छ ।

विद्यालयमा असहाय, अनाथ, टुहुरा, विपन्न, गरीब तथा जेहेन्दार विद्यार्थी एवं अन्य इच्छुक बालबालिकालाई निःशुल्क आवास साथै खाना, पोसाक र स्टेसनरी सुविधा दिएर आवासीय बनाउन थालिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपक पौडेलले जानकारी दिए । उनका अनुसार भर्ना हुन आउने सबैको गरेर आवासीय सुविधा उपलब्ध गराइने छ ।

विद्यालयमा विद्यार्थीको संख्या घट्दै जान थालेपछि उक्त विकल्प निकालिएको पौडेलले बताए । 'प्रत्येक वर्ष विद्यार्थीको संख्या घट्दै जान थालेको छ,' उनले भने, 'विद्यार्थीको आकर्षण बढाउनका लागि आवासीय सुविधाको योजना ल्याएका हौं ।' उनका अनुसार मावि तह सञ्चालन भएको यस विद्यालयमा अहिले ४० जना विद्यार्थी छन् ।

विभिन्न अवसरको खोजीमा युवापुस्ताले गाउँ छाडेपछि विद्यार्थीको संख्या न्यून हुँदै गएको स्थानीय जनप्रतिनिधि गिरिराज शर्माले बताए । निजी विद्यालय जस्तै अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्ने, शिक्षकको क्षमता विकास गर्ने, अभिभावक र विद्यार्थीलाई जिम्मेवार बनाउनका लागि आवासीय विद्यालयको अवधारणा ल्याइएको उनको भनाइ थियो ।

आगामी शैक्षिकसत्रदेखि बालकक्षादेखि कक्षा १० सम्म नै भर्ना हुने नयाँ वा पुराना विद्यार्थीलाई आवासीय सुविधा दिइने भएको छ । विद्यालयले दक्ष र अनुभवी शिक्षकबाट अध्यापन गराउने, सम्पूर्ण विद्यार्थीलाई पोशाक, शैक्षिक सामग्री र खाना, खाजाको व्यवस्थासमेत निःशुल्क गर्ने प्रधानाध्यापक झलक शर्मा पौडेलले बताए । उनका अनुसार खेलकुद सामग्री र स्वच्छ खानेपानीको व्यवस्था हुने छ ।

विद्यार्थीलाई साप्ताहिकरूपमा अतिरिक्त क्रियाकलापको व्यवस्था गर्ने, कक्षा ६ देखि १० सम्म कम्प्युटर विज्ञानको कक्षा सञ्चालन गर्दै आइएको छ । यहाँ विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब र पुस्तकालयकोसमेत व्यवस्था रहेको उनले बताए ।

आर्थिक अभावले विद्यालय तथा शिक्षाबाट वञ्चित बनेका मुलुकभित्रका जुनसुकै जिल्लाका असहाय, अनाथ, विपन्न, गरिब तथा जेहेन्दार विद्यार्थीले यहाँ अध्ययन गर्नसक्ने प्रअ पौडेलले जानकारी दिए । सबै सुविधा निःशुल्क हुने भएकाले पढाइबाट वञ्चित बालबालिकालाई अभिभावकले सहजीकरण गरेर विद्यालयसम्म ल्याउनुपर्नेमा उनले जोड दिए ।

आवासीय सुविधा सञ्चालनका लागि फलेबास नगरपालिकालगायत विभिन्न सरोकारवाला पक्षसँग स्रोतको खोजी भइरहेको विद्यालयले जनाएको छ । यसअघि पर्वतको महाशिला गाउँपालिकाका दुई सामुदायिक विद्यालयमा पूर्णकालीन तथा आंशिक आवासीय सुविधा दिएर सञ्चालन गरिएको छ ।

# संरक्षणको पर्खाइमा वाग्मा पोखरी



**फुङ्लिङ (ताप्लेजुङ)-** ताप्लेजुङको मिक्वाखोला गाउँपालिकामा रहेको पर्यटकीय सम्भावना बोकेको वाग्मा पोखरी ओझेलमा परेको छ । मिक्वाखोला गाउँपालिका-४ साँवामा रहेको वाग्मा पोखरी आवश्यक संरक्षणसँगै प्रचारप्रसारको पर्खाइमा छ ।

धार्मिक दृष्टिकोणले प्रसिद्ध मानिने मानाभराको काखमा पर्ने वाग्मा पोखरी पूर्वाधार, संरक्षण र प्रचारप्रसारको अभावमा ओझेलमा परेको स्थानीयको भनाइ छ । स्थानीयका अनुसार यो पोखरी करिब पाँच रोपनी बराबरको क्षेत्रफलमा फैलिएको छ । मानव बस्तीभन्दा केही टाढा हरियाली वनको बीचमा एकान्त वातावरण रहेकाले पोखरीको संरक्षण तथा प्रवर्द्धन गर्नुपर्ने स्थानीय बताउँछन् ।

निकै सुन्दर र आकर्षक देखिने वाग्मा पोखरी पर्यटकीय सम्भावना बोकेको भए पनि प्रवर्द्धनका लागि तीनै तहका सरकारले प्राथमिकता नदिएको पाइएको छ । पोखरीलाई पर्यटकीय गन्तव्य बनाउने योजनासँगै आवश्यक संरक्षण र प्रचारप्रसार गर्नुपर्ने स्थानीयको भनाइ छ ।

पोखरीको प्रवर्द्धन र प्रचारप्रसार गर्नसकेमा पर्यटकको धेरै उपस्थितिको सम्भावना रहेको मिक्वाखोला गाउँपालिकाका अध्यक्ष भक्तबहादुर कार्कीका स्वकीय सचिव घनेन्द्र थापाले बताए । थापाका अनुसार मिक्वाखोला-४ साँवामा स्थापित पर्यटकीय गन्तव्य फुङ्फुङगे झरना, वडा-५ पापुङको तोक्पेगोला लोदेन क्षेत्रसँगै वाग्मा पोखरीलाई पनि पर्यटकीय गन्तव्य बनाउन सकिन्छ ।

गाउँपालिकाका अध्यक्ष कार्कीले पर्यटकीय शृंखलाअन्तर्गत तोक्पेगोला लोदेन क्षेत्र, फुङ्फुङगे झरना र वाग्मा पोखरीलाई जोड्न सकिने भए पनि विकास र प्रवर्द्धन हुन नसकेको बताए । गाउँपालिकाले आफ्नो नीति कार्यक्रममार्फत यस पोखरीलाई समावेश गरी मिक्वाखोलालाई पर्यटकीय हवका रूपमा विकास गर्नेगरी योजना बनाइरहेको उनले बताए । गाउँपालिकाले पर्यटन प्रवर्द्धनका योजना बनाइरहँदा बजेट अभावले योजना कार्यान्वयनमा समस्या रहेको उनको भनाइ थियो ।

वाग्मा पोखरीसहितका पर्यटकीयस्थलको विकासका लागि संघ र प्रदेश सरकारसमक्ष योजना प्रस्ताव गरिँदै आइएको स्वकीयसचिव थापाले जानकारी दिए । उनका अनुसार पोखरी पुग्ने पदमार्गको स्तरोन्नति गर्नुपर्ने, सडक पुऱ्याउनुपर्ने र अन्य संरचना तथा पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकता देखिएको छ । आवश्यक संरक्षण, प्रचारप्रसारसँगै पोखरीलाई पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्नका लागि पूर्वाधारको अभाव हुँदा प्रशस्त सम्भावना भएर पनि ओझेल परेको थापाले बताए । पालिकाले यस विषयमा आवश्यक पहल र समन्वय गरिरहे पनि सोचेअनुसार प्रगति नभएको उनले बताए ।

जिल्लाको एक पर्यटकीयस्थलका रूपमा रहेको वाग्मा पोखरी पुग्नलाई सदरमुकाम फुङ्लिङदेखि दोभान सान्थाक्रा तथा खोक्लिङ लिवाङ हुँदै गाउँपालिकाको प्रशासकीय केन्द्र थलङ र थलङ, साँवा सिरान हुँदै जान सकिन्छ। त्यस्तै फुङ्लिङदेखि फक्ताङ्लुङ गाउँपालिकाको लिङ्खिम सिँवा बजार, खेजेनिम, सिबुक हुँदै पनि वाग्मा पोखरी पुगिन्छ । *रासस*

# निकुञ्ज क्षेत्रमा वन्यजन्तु आक्रमणका ३१५ घटना

**चितवन (प्रस)-** जंगली जनावरका कारण चालु आर्थिक वर्षमा ३१५ घटना भएका छन् । चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा ती घटना भएका हुन् । ती घटनाबाट छजनाको मृत्यु भएको छ भने १७ जना घाइते भएका छन् ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार घाइतेमध्ये सामान्य घाइते नौ र गम्भीर घाइते आठजना भएका छन् । गैँडाको आक्रमणबाट दुई, बाघको आक्रमणबाट तीन र गोहीको आक्रमणबाट एकजनाको मृत्यु भएको हो । हात्तीको आक्रमणबाट सबैभन्दा धेरै रहेका छन् । हात्तीको आक्रमणबाट सात, गैँडाको आक्रमणबाट पाँच, बाघको आक्रमणबाट चार र गोहीको आक्रमणबाट एकजना घाइते भएका छन् ।

तिवारीका अनुसार चालु आर्थिक वर्षमा वन्यजन्तुका कारण पशुधनमा क्षति ८४, भण्डारण गरिएको अन्नको क्षति छ पटक, घरगोठमा क्षति २० पटक र अन्नबालीमा क्षति २०५ पटक भएको छ । वन्यजन्तुका कारण क्षति भएबापत निकुञ्जले चालु आर्थिक वर्षमा एक करोड पाँच लाख ५१ हजार रूपैयाँ राहत प्रदान गरेको उनले जानकारी दिए ।

गत आवमा भएका ७८४ घटनामा नौ जनाको मृत्यु भएको थियो भने ५५ जना घाइते भएका थिए । घाइतेमध्ये ३६ गम्भीर र १९ जना सामान्य रहेका थिए । सो आवमा १८५ पशुधन क्षति, भण्डार गरेको अन्नबाली आठ पटक, घरगोठमा क्षति २७ पटक र अन्नबालीमा क्षति ५०० पटक पुऱ्याएको तिवारीले बताए ।

त्यस वर्ष निकुञ्जले दुई करोड दुई लाख दुई हजार ८४४ रूपैयाँ राहत रकम उपलब्ध गराएको थियो । निकुञ्जमा रहेका हात्ती, गैँडा, बाघ, भालु, चितुवा, ब्वाँसो, जंगली बँदेल, गोही, गौरीगाई, अजिंगर, बाँदरजस्ता जनावरले मानव बस्तीमा स्थानीयलाई दुःख दिने गरेका छन् ।

# युवाको सहयोगमा गाउँमा एम्बुलेन्स

**दमक (प्रस)-** रोजगारीको सिलसिलामा हङकङ बस्दै आएका उर्लाबारीका युवाले गाउँमा एम्बुलेन्स उपलब्ध गराएका छन् । उर्लाबारी नगरपालिकालाई हङकङमा बसोबास गर्दै आएका परिवारले २५ लाख ५० हजार रूपैयाँ संकलन गरी पठाएको रकमबाट एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याइएको वडा नं ९ का अध्यक्ष नरबहादुर मोक्तानले बताए । वडाध्यक्ष मोक्तानका अनुसार एम्बुलेन्स सेवा विपन्न परिवारलाई निःशुल्क प्रदान गरिने छ ।

नगरपालिकाले विपन्न परिवारसम्बन्धी कार्यविधि बनाइरहेको तथा त्यो तयार भएपछि विपन्न परिवार परिचयपत्र वितरण गरी त्यसका आधारमा सेवाग्राहीलाई निःशुल्क सेवा गरिने छ ।

एम्बुलेन्स खरिदका लागि हाल हङकङमा बस्दै आएका उर्लाबारी-९ का याम सेम्बुले एक्लैले पाँच लाख ३० हजार १७६ रूपैयाँ र अन्य दाताले थप रकम उपलब्ध गराएका हुन् ।


**माईग्रेसन हराएको सूचना**

मितिः २०८०/०७/३० गते गोंगबुदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को माइग्रेसन सर्टिफिकेट सहित अन्य कागजाजहरू हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : ऐशु श्रेष्ठ**
**रजिस्ट्रेसन.नं.: ७८३२७०४५००४८**
**सिम्बोल.नं.: २२७१०४३८**
**ठेगाना.: टोखा न.पा.३, काठमाडौं**
**सम्पर्क: ९८१३८६६३७७**



**सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/११/०६ गते ।**

**श्री हरलाँफाटा सामुदायिक वन उपभोक्ता समूह**को आ.व. २०७९/८० को C1S७ मा गरिएको पुनरुत्पादन कटान कार्य तथा सम्पूर्ण वन क्षेत्रको ढलापडा सङ्कलन मार्फत यस सामुदायिक वनबाट उत्पादन भई समूहको टिकुलीपुरस्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल समेत अन्य जात (अस्ना, दबदबे, खयर, धौटी, बर्रो) को काठ थान ७८४ को परिमाण ७३११.५७ क्यु फिट तथा साल जातको दाउरा ९ चट्टा र अन्य जातको दाउरा ९ चट्टा दाउरा जम्मा १८ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । ईच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएकोले मितिले २१ (एक्काइस) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यससम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री हरलाँफाटा सामुदायिक वन उपभोक्ता समूह**
राप्तीसोनारी-२, टिकुलीपुर, बाँके

प्रभाव दैनिक




## 'र्‍याप ब्याटल नेपाल' को सिक्किम अडिसन सम्पन्न

टेलिभिजन रियालिटी शो 'र्‍याप ब्याटल नेपाल' को सिक्किम अडिसन शनिबार सम्पन्न भएको छ । उक्त अडिसन सिक्किमको प्रान्तिय राजधानी गान्तोकमा भएको हो । सिक्किम अडिसनमा ७३ जना नेपालीभाषी सिक्किमेलीहरूले सहभागिता जनाएका थिए । जसबाट १२ जना अर्को चरणका लागि छनोटमा परेका छन् । सिक्किममा र्‍याप सम्बन्धी पहिलो अडिसन भएकाले पनि सहभागीहरु उत्साही रहेको पाईएको छ । त्यस्तै फेब्रुअरी १९ मा दार्जिलिङमा अडिसन हुँदैछ । युजिसा इन्टरनेशनलको आयोजना र राज्य मिडिया नेटवर्कको सह-आयोजनामा भैरहेको 'र्‍याप ब्याटल नेपाल' एपीवान टेलिभिजनमा आगामी अप्रिलबाट प्रसारणमा आउँदै छ ।






# सुनील शर्माले दिए रेखाको 'उपहार'लाई शुभकामना

■ प्रभाव संवाददाता

**काठमाडौं–** मोरङ क्षेत्र नम्बर ३ बाट निर्वाचित नेपाली काँग्रेसका सांसद सुनील शर्माले फिल्म 'उपहार'ले नेपाली फिल्मको उचाई अझ माथि पुर्‍याउने बताएका छन् । शुक्रबार सार्वजनिक भएको ट्रेलर हेरेपछि उनले सामाजिक सञ्जाल फेसबुकमा ट्रेलर शेयर गर्दै स्टाटस लेखेका छन् ।

'नेपाली सिनेजगतकी सुपरस्टार चर्चित अभिनेत्री महिला नेतृ बहिनी रेखा थापा टिमको फागुन २५ गते शिवरात्रीको दिन चलचित्र 'उपहार' प्रदर्शनमा आँउदैछ । सोहि अनुरूप फिल्मको ट्रेलर सार्वजनिक भयो, हेरियो । निक्कै कौतुहलता जगाउने ट्रेलर हेरे पछि पक्कै पनि यो फिल्मबाट रेखा र टिमले नेपाली चलचित्रको हाईट अझै माथि पुर्‍याउने आशा एवम् विस्वास राखेको छु,' उनले लेखेका छन् ।

उनले अभिनेत्री रेखा थापालाई नेतृत्वदायी भूमिका निभाउन सक्ने, हक्की, निडर र महिला दिदीबहिनीहरूको पीर भावना बुझ्न सक्ने क्षमतावान नारीका रूपमा आफूले चिनेको उल्लेख गरेका छन् । 'रेखा म निर्वाचित मोरङ क्षेत्र नम्बर ३ को विराटचोक निवासी चेली पनि हुन् । उनी नेतृत्वदायी भुमिका निभाउन सक्ने, हक्की, निडर र महिला दिदीबहिनीहरूको पिर भावना बुझ्न सक्ने क्षमतावान नारी हुन् । बहिनीलाई मेरो साथ सहयोग र शुभेच्छा सधैं रहने छ । सहकार्य रहने छ । बहिनी रेखा तथा सिंगो उपहार टिमलाई बधाई तथा शुभकामना,' उनले लेखेका छन् ।

ज्ञानेन्द्र देउजा निर्देशित फिल्मको शुक्रबार सार्वजनिक ट्रेलरमा काठमाडौं महानगरपालिकाले सर्वसाधारणको घर भत्काएपछि उत्पन्न परिस्थितिलाई चित्रण गरिएको छ । खास गरी बाटोमा व्यापार गर्ने सर्वसाधारणको व्यापारलाई नगर प्रहरीले उठाएर लगेपछिको तनावलाई पनि



ट्रेलरमा स्थान दिइएको छ। अभिनेत्री रेखा थापालाई चिया बेच्ने महिलाको रूपमा प्रस्तुत गरिएको ट्रेलरमा अभिनेता मुकुन भुषाललाई ट्याक्सी ड्राइभरका रूपमा देखाइएको छ।ट्रेलरका अधिकांश दृश्यमा कमेडीलाई स्थान दिइएको छ । फिल्ममा रेखा थापा, पुजा शर्मा, मुकुन भुषाल, बेनिशा हमाल, तेज गिरी, समर्पणजंग कार्की, सुष्मा कार्की, शिशिर राणा, राजाराम पौडेल, किरण केसी, अंशु महर्जन, विनोद पौडेल, आशा भुषाल, शोभारस घिमिरे, मन्जु श्रेष्ठ, कमल भट्ट, राइडर प्रशान्त र सरिता राजोपाध्यायलगायतको पनि अभिनय छ ।

बलराम शाही ठकुरी कार्यकारी निर्माता रहेको फिल्मका निर्माता सुलभ प्रतिक र समीक्षा देउजा हुन् । रेखा फिल्मस् र कपनगढी फिल्मसको ब्यानरमा निर्माण भएको फिल्ममा विष्णु कल्पित घिमिरेको छायांकन, अर्जुन पोखरेल र बाबुल गिरीको संगीत, मित्र डि गुरुङको सम्पादन, सुलक्षण भारतीको कथा, भारतीका साथै अभिमन्यू निरवी र माधव शर्माको पटकथा तथा संवाद, अनुपम गौतमको भीएफएक्स र रोशन श्रेष्ठको द्वन्द्व निर्देशन छ ।

## जुरीहरूलाई पनि दिइन थालियो स्टेजमै कदरपत्र

**काठमाडौं (प्रस)–** पछिल्लो समय म्युजिक अवार्डहरूमा जुरीको नाम समेत सार्वजिक गर्न थालिएको छ । कुनै समय फिल्म अवार्डले मात्र जुरी सार्वजनिक गर्थे । म्युजिक अवार्डका आयोजकले जुरीको नाम गोप्य राख्दथे । तर, केही वर्षयता म्युजिक अवार्डबीच नै प्रतिस्पर्धा भइरहेको अवस्थामा जुरीहरूलाई पनि स्टेजमै ल्याएर कदरपत्र दिन थालेका छन् ।

यस्तै, केही दिनअघि काठमाडौंमा सम्पन्न 'तेस्रो राष्ट्रिय विशाल लुम्बिनी लोकदोहोरी अवार्ड-२०८०'मा पनि जुरीहरूलाई स्टेजमा ल्याएर कदरपत्र दिएका थिए ।

स्व. कल्पना गैरे स्मृती फाउण्डेशनको सहयोगार्थ बिशाल मुभिज प्रा.लि.अनामनगरद्वारा आयोजित 'राष्ट्रिय विशाल लुम्बिनी लोकदोहोरी अवार्ड'मा म्युजिक एरेन्जर राकेश सोनी, गायक इन्द्र जिसी, अनुप चन्द, लोकदोहोरी गायिक सिर्जना बिरही थापा लगायतलाई जुरीको कदरपत्र दिइएको थियो । यसरी अवार्डमै जुरीलाई सम्मान तथा कदर पत्र दिइयो भने अवार्डको गरिमा बढ्ने आयोजकको भनाइ छ ।

कार्यक्रममा नेपाली गीतसंगीत क्षेत्रका विभिन्न व्यक्तित्व र संगीतका ६८ विधामा अवार्ड प्रदान गरिएको थियो । कार्यक्रममा बरिष्ठ लोकगायक तथा संरक्षक ईन्द्र जिसी, चर्चित लोकगायक राजु परियार, गायिका सिर्जना बिरही थापा, गायिका जमुना राना, गायिका रोशनी रसाईँली लगायतलाई बिशेष सम्मान प्रदान गरिएको थियो ।

उक्त अवार्डका लागि जुरी रहेका राकेश सोनी लोकदोहारी क्षेत्रका चर्चित र व्यस्त संगीत एरेञ्जर हुन् । १४ वर्षदेखि निरन्तर संगीत एरेञ्जरका रूपमा सक्रिय राकेशले चार हजारभन्दा बढी गीतमा ऐरेञ्ज गरिसकेका छन् । जसमा 'बोत्तलको पानीले,' 'माछा तारेको,' 'निधारमै लेखेसी,' 'एकादशी बजारैमा,' 'कोइली चरी' जस्ता सयौं गीत चर्चित छन् ।

# चलचित्रकर्मीको बिमा अब १७५ रूपैयाँमै

■ प्रभाव संवाददाता




**काठमाडौं–** चलचित्रकर्मीहरूले १७५ रूपैयाँमै एक लाख सम्मको बिमा गर्न पाउने भएका छन् । सुर्यज्योति लाईफ इन्स्योरेन्स कम्पनी लि. र चलचित्र संरक्षण मञ्च बिच उक्त आबधिक बिमा योजनाका बिषयमा सहमति भएको हो ।

सहमति पत्रमा चलचित्र संरक्षण मञ्चका तर्फबाट अध्यक्ष टिकाराम राखाल (रोजन) र इन्स्योरेन्स कम्पनीको तर्फबाट बरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत पवन कुमार खड्काले हस्ताक्षर गरेका छन् । हस्ताक्षर समारोहमा मञ्चका उपमहासचिव तेज गिरी सहित कम्पनीका उपमहाप्रबन्धक नरोत्तम ढकाल, कर्पोरेट सेल्स विभागका सामिन सिहं भण्डारी लगायतको उपस्थिति रहेको थियो ।

सहमतिसँगै चलचित्र संरुक्षण मञ्चले आफ्ना सदस्य चलचित्रकर्मीको बिमा प्रकृया अघि बढाएको अध्यक्ष रखालले जानकारी दिएका छन् । उनले अन्य चलचित्रकमीलाई पनि यो योजनाको लाभ लिन आग्रह गरेका छन् ।

चलचित्रकर्मीहरूको कामका दौरान अथवा अन्य भवितब्य घटनामा निधन भएमा परिवारलाई पर्न जाने बोझ कम गर्नको लागि बिमा प्रकृया अघि बढाइएको महासचिव तेज गिरीले जानकारी दिएका छन् । चलचित्र संरक्षण मञ्चले सहजिकरण गरि न्यूनतम एक लाख देखि अधिकत २० लाखसम्मको आबधिक विमा गर्ने योजना ल्याएको हो । यस योजनामा बार्षिक १७५ रूपैयाँ तिरेर १ लाखसम्मको विमा हुने ब्यवस्था छ भने उमेर र विमांक रकम अनुसार शुल्क फरक पर्न जाने उपमहासचिव गिरीले जानकारी दिए ।

चलचित्रकर्मीको हक, हित र संरक्षण गर्ने हेतुले स्थापित चलचित्र संरक्षण मञ्चमा पाँच सय भन्दा बढी सक्रिय सदस्यहरू रहेका छन् । मञ्चका अध्यक्ष रखालले यसबाट मञ्चमा आवद्ध सदस्यहरूलाई अत्यन्तै ठुलो लाभ मिल्ने बिश्वास लिएका छन् ।

यसैगरि इन्स्योरेन्स कम्पनीका बरिष्ठ प्रमुख कार्यकारी अधिकृत खड्काले चलचित्र संरक्षण मञ्च मार्फत चलचित्रकर्मीहरू सँग जोडिन पाउँदा खुशी लागेको र चलचित्रकर्मीहरूको हितमा संस्थाले साथ र सहयोग गर्ने कुरा वताए ।



आइसिसी विश्व लिग-२

# कुशल चम्किँदा नेदरल्याण्ड्सविरुद्ध नेपालको शानदार जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका कुशल भुर्तेलले बल र ब्याटमा उत्कृष्ट प्रदर्शन गरेपछि एशोसिएट राष्ट्रमध्येको सबैभन्दा बलियो टोली नेदरल्याण्ड्सले लज्जास्पद हार ब्यहोरेको छ ।

आईसीसी विश्वकप लिग-२ क्रिकेट अन्तरगत त्रिकोणात्मक शृंखलाको दोस्रो खेलमा नेपालले उत्कृष्ट प्रदर्शन गर्दै नेदरल्यान्ड्सलाई सजिलै हराएको छ । शनिबार भएको खेलमा नेपाल ९ विकेटले विजयी बनेको हो ।

नेदरल्यान्ड्सले प्रस्तुत गरेको १ सय ३८ रनको लक्ष्य नेपालले १५.२ ओभरमा मात्र १ विकेटको क्षतिमा पछ्यायो । नेपालका लागि ओपनर आसिफ शेखले ५४ रन बनाए । उनले ४५ बलमा ८ चौका र १ छक्का हिर्काए । अनिल साहले विस्फोटक पाली खेल्दै ३६ बलमा ५७ रन बनाए । उनले ६ चौका र ४ छक्का हिर्काए । अनिल शाहले जितका लागि १ रन चाहिएको बखतमा चौका हान्दै नेपाललाई १५.२ ओभरमा जित दिलाएका थिए ।

नेपालले एक मात्र विकेटका रूपमा कुशल भुर्तेललाई गुमाएको थियो । उनी २८ रन बनाएर भियिन किंग्माको बलमा क्याच आउट भएका थिए । उनले मात्र ११ बलमा २ चौका र ३ छक्का हिर्काए ।

यसअघि राम्रो बलिङ प्रदर्शन गरेको नेपालले नेदरल्यान्ड्सलाई १ सय ३७ रनमा सीमित गर्न सफल भएको थियो । टस हारेर पहिले ब्याटिङ गरेको नेदरल्यान्ड्स ३९ ओभरमा अलआउट भयो ।

नेदरल्यान्ड्सका लागि कप्तान स्कट एडवार्ड्सले सर्वाधिक ३३ रनको योगदान दिए । उनले ४९ बलमा १ चौका प्रहार गरे । त्यस्तै बास डे लिडेले २७ रन तथा साइब्रान्ड एन्जलबर्च्टले २३ रन बनाए । कायल क्लाइनले नटआउट रहँदै ११ रन प्रहार गरे ।

नोआ क्रोएसले १२ रन बनाउँदा म्याक्स ओ डाउड र आर्यन दत्तले १०-१० रन हिर्काए । नेपालका लागि कुशल भुर्तेलले ४ विकेट लिए भने ललित राजवंशीले २ विकेट लिए । सोमपाल कामी र रोहित पौडेलले १-१ विकेट हात पारे ।

नेपालका लागि सोमपाल कामीले खेलको पहिलो ओभरको तेस्रो बलमै पहिलो सफलता दिलाएका थिए । त्यसपछि ललित राजवंशीको बलमा नेदरल्याण्ड्सका खेलाडी रनआउट भएका थिए । सुरुदेखि नै दबाब दिँदै आएको नेपालका लागि ललितले १० ओभरमा ३२ रन दिएर २ विकेट हात पारेका थिए ।

कुशल मल्लले आफ्नो बलिङमा एक खेलाडीलाई भाग्यवश रनआउट गरेपछि संकटमा पुगेको नेदरल्याण्ड्सको एक विकेट कप्तान रोहित पौडेलले लिएका थिए । यसअघि नेपाल पहिलो खेलमा नामिबियासँग ४ विकेटले पराजित भएको थियो ।

## संकटालाई हराउँदै २८ विगाहा सेमिफाइनलमा

**नवलपुर (प्रस)–** नवलपुरमा जारी राईनो संरक्षण गोल्डकप फुटबलमा २८ विगाहा क्लब सेमिफाइनल प्रवेश गरेको छ । शनिबार 'ए' डिभिजन क्लब संकटालाई हराउँदै २८ विगाहा क्लब प्रतियोगिताको अन्तिम ८ मा प्रवेश गरेको हो ।

२८ विगाहाको जितमा समिर तामाङ्गले दुई गोल गरे । संकटाका गणेश हमालले एक गोल गरे । खेलमा अग्रता २८ विगाहाले नवौं मिनेटमा समिरको गोलमा लिएको थियो । समिरले ३२ औं मिनेटमा घरेलु टोलीका अग्रतालाई दोब्बर बनाएका थिए ।

पहिलो हाफको अन्तिम मिनेटमा गणेशले गोल गर्दै संकटालाई खेलमा फर्काउने कोशिश गरेका थिए । दोस्रो हाफमा दुवैतर्फबाट गोल हुन नसकेपछि घरेलु टोली विजयी बनेको हो ।

दोस्रो हाफको २६ औं मिनेटमा संकटाका कप्तान चन्दन दासले हेडर प्रहार पोस्टको बार लागेर बाहिरिएको थियो ।

दोस्रो हाफको ३८ औं मिनेटमा संकटाका मनिष पौडेलले प्रहार गरेको सट टप बारमा लागेर बाहिरिएको थियो ।

२८ विगाहाका समिर तामाङ्ग खेलको म्यान अफ दी म्याच घोषित भए । पहिलो सेमिफाइनलमा भोलि आईतबार पुलिस क्लब र गण्डकी प्रदेशबीच प्रतिस्पर्धा हुनेछ ।

राईनो क्लब मध्यबिन्दु नवलपुरको आयोजनामा सञ्चालित प्रतियोगितामा १२ टिम सहभागी छन् । प्रतियोगिताको विजेताले उपाधिसहित नगद ८ लाख हात पार्नेछ भने उपविजेताले ४ लाख प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले २० हजार रूपैयाँ प्राप्त गर्ने तथा सर्वाधिक गोलकर्ताले १० हजार र म्यान अफ द म्याच हरेक खेलमा ५ हजार रूपैयाँ प्राप्त गर्नेछन् ।

# पोखरा म्याराथनको उपाधि केन्याका वाहोमलाई



■ प्रभाव संवाददाता

**कास्की–** पोखरा अन्तराष्ट्रिय म्याराथनको उपाधि केन्याली खेलाडी जुलियस मुरिउकी वाहोमले जितेका छन् । पोखरामा शनिबार भएको प्रतियोगितामा वाहोमले निर्धारित दुरी २ घण्टा १९ दशमलव ३६ सेकेन्डमा पार गर्दै उपाधि जितेका हुन् ।

उनले उपाधि सहित ५ लाख रूपैयाँ प्राप्त गरेका छन् । शीर्ष तीन स्थानमा केन्याली खेलाडीले कब्जा जमाउँदा इस्साक किहारा कामिरी दोस्रो र एडविन किपलागट तेस्रो भए ।

कामिरीले निर्धारित दुरी २ घण्टा २० दशमलव ०५ सेकेन्डमा पार गरे भने किपलागटले २ घण्टा २० दशमलव ४५ सेकेन्डको समय लगाए । दोस्रो बनेका कामिरीले ३ लाख र तेस्रो बनेका किपलागटले २ लाख रूपैयाँ प्राप्त गरे ।

नेपालका किरण बोगटीले २ घण्टा २४ दशमलव ०२ सेकेन्डको समय लगाएर चौथों स्थान हासिल गरे । गण्डकी प्रदेशतर्फ सफल लामा, देव प्रसाद जलारी र मनोज अधिकारी क्रमश पहिलो, दोश्रो र तेश्रो भए ।

महिला २१ किमितर्फ सन्तोषी श्रेष्ठले पोखरा अन्तर्राष्ट्रिय म्याराथनमा कोर्स रेकर्ड दर्ता गरिन् । उनले १ घन्टा १८ मिनेट ३९ सेकेण्डमा दुरी पार गर्दै नगद रु १ लाख ५० हजार प्राप्त गरिन् ।

२१ किमि महिलातर्फ केन्याली अवीजल जेरोप १ घन्टा १९ मिनेट ०२ सेकेण्डमा दुरी पार गर्दै दोश्रो हुँदा राममायाँ बुढा १ घन्टा १९ मिनेट २२ सेकेण्डमा दुरी पार गर्दै तेश्रो र १ घन्टा २१ मिनेट ०७ सेकेण्डमा दुरी पार गरेकी फुलमती राना चौथो भइन् ।

यस्तै पुरुष १० किमि दौडमा ३१ मिनेट १५ सेकेण्डमा दुरी पार गरी टंक बहादुर कार्की पहिलो, सुवास कार्की दोश्रो हुँदा ३२ मिनेट ३७ सेकेण्ड लगाए भने, तेश्रो भएका सन्जिब नेपाली तेश्रो ३३ मिनेट २९ सेकेण्डमा दुरी पार गरे ।

महिला १० किमि दौडमा ४२ मिनेट १६ सेकेण्डमा दुरी पार गरी आशा रावत पहिलो हुँदा ४२ मिनेट २४ सेकेण्डमा दुरी पार गरेकी सिमा चौधरी दोश्रो र ४४ मिनेट २१ सेकेण्डमा दुरी पार गर्दै नम्रता गुरुङ तेश्रो भएकी छन् ।

५ किमि छात्र दौडमा तेन्जन रोक्का मगर पहिलो, प्रकाश थिङ दोश्रो र इश्वर ढकाल तेश्रो भए भने छात्रातर्फ नारायणी भण्डारी पहिलो, गिता श्रेष्ठ दोश्रो र एन्जीला जिटी तेश्रो भइन् ।

५ किमि भेट्रान पुरुषतर्फ कपिल श्रेष्ठ, आइलाल शाही, निम बहादुर थापा क्रमश पहिलो, दोश्रो र तेश्रो भए भने महिलातर्फ चित्रा गुरुङ, विष्णु कुमारी गुरुङ र चेत माया पगेनी क्रमश पहिलो, दोश्रो र तेश्रो भएका छन् ।

नेपाल भुतपूर्व खेलाडी मञ्चले आयोजना गरेको प्रतियोगितामा १४ देशका धावकले सहभागीता जनाएको आयोजकले जानकारी दिएको छ ।



उत्तरी चीनको मंगोलिया स्वायत्त क्षेत्र हुलुन बुइरमा चीनको १४औं राष्ट्रिय शीतकालीन खेलकुदको उद्घाटन समारोहअघि प्रस्तुति दिँदै कलाकार टोली। *तस्बिरः सिन्हुवा*

# जापानद्वारा नयाँ पुस्ताको 'एच-थ्री' रकेटको सफल परीक्षण

**टोकियो-** जापानको अन्तरिक्ष निकाय (जाक्सा) ले आफ्नो नयाँ रकेटको सफल प्रक्षेपण गरेको छ। वर्षौंको ढिलाइ र यसअघिका दुई असफल प्रयासबाट निराशा भोगेको जाक्सालाई एच-थ्रीको सफल परीक्षणले उत्साहित बनाएको छ।

नयाँ पुस्ताको एच-थ्रीलाई स्पेसएक्सको फाल्कन-९ को प्रतिद्वन्द्वीको रूपमा प्रस्तुत गरिएको छ र यसले एक दिन चन्द्रमाको सतहमा सामान पुऱ्याउने काम गर्नसक्छ। जाक्साका अध्यक्ष हिरोशी यामाकावाले भने, 'म लामो समयदेखि अन्तरिक्ष अभियानमा छु, तर मैले पहिले कहिल्यै पनि यति धेरै खुसी महसुस गरेको थिइन र मैले कहिल्यै पनि यति राहत महसुस गरेको थिइन।

जापानले गत महिना चन्द्रमामा मानवरहित यानको सफल अवतरण गरेपछि जापान चन्द्रमाको सतहमा यान अवतरण गर्ने पाँचौं देश बनेको छ। दक्षिणपश्चिमी जापानको तानेगाशिमा अन्तरिक्ष केन्द्रबाट स्थानीय समयअनुसार शनिबार बिहान ९:२२ बजे प्रक्षेपण गरिएको एच-थ्री प्रक्षेपण गरिएको थियो।

एजेन्सीको लाइभ स्ट्रिममा एच-थ्रीको इन्जिनले अपेक्षाकृतरूपमा काम गरेको र रकेटले यसलाई अन्तरक्षिको कक्षमा प्रवेश गराएको घोषणा गरेपछि जाक्सा कन्ट्रोल सेन्टरबाट ताली र आवाजद्वारा खुसी व्यक्त गरिएको चर्को आवाज सुनिएको थियो।

जाक्सा र मित्सुबिशी हेभी इन्डस्ट्रिजद्वारा संयुक्त रूपमा विकास गरिएको एच-थ्री सन् २००१ मा सुरु भएको एच-आइआइए प्रक्षेपण प्रणालीको उत्तराधिकारी हो।

'उच्च लचिलोपन, उच्च विश्वसनीयता र उच्च लागत प्रदर्शन' का लागि डिजाइन गरिएको शिल्पले 'अन्तरिक्षमा जापानको स्वायत्त पहुँच कायम राख्ने छ,' जाक्साले भनेको छ।

वैज्ञानिकहरूले एच-थ्रीमा प्रयोग भएको विश्वकै पहिलो प्रविधिको परीक्षण महत्त्वपूर्ण रहेको बताएका छन्। युनिभर्सिटी अफ मेलबोर्नको मेलबर्न स्पेस ल्याबोरेटरीका निर्देशक मिचेल ट्रेन्टीले भने, 'एच-थ्री रकेटमा पहिलो चरणको अद्वितीय इन्जिन छ यसले अत्याधुनिक रकेटको तुलनामा बढी सन्तुष्टि प्रदान गर्छ। एच-थ्रीमा सबैभन्दा लागत प्रभावी रकेट हुने क्षमता छ जसले सौर्य प्रणालीको अन्वेषणलाई अझ किफायती बनाउने छ।'

सन् २०२३ को फेब्रुअरीमा इन्धन प्रज्ज्वलनको समस्याले रकेटलाई जमिनमा गतिहीन बनाएपछि प्रक्षेपण रद्द गरिएको थियो। गत वर्षको मार्चमा दोस्रोपटक गरिएको प्रयासमा प्राविधिक समस्याका कारण प्रक्षेपण भएको केही समयपछि नै विष्फोट भएको थियो। सबैभन्दा पछिल्लो यो प्रक्षेपण पनि खराब मौसमका कारण चार दिन पछि सारिएको थियो तर शनिबार सफलतापूर्वक प्रक्षेपण गरिएको रकेटले दुईवटा साना स्याटेलाइट बोकेको छ।

एउटा माइक्रोस्याटेलाइटले फोटो र भिडियो खिचेर विपद् रोकथाममा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। सेन्सरको साथ सुसज्जित अर्को स्याटेलाइट इन्फ्रारेड किरणहरू पत्ता लगाउन जमिनमा कारखानाहरूको सञ्चालन अवस्थाहरू पछ्याउने उद्देश्यले तयार पारिएको हो।

जाक्साको लाइभ स्ट्रिमका अनुसार माइक्रोसेटेलाइट्सलाई छुट्याउने काम पनि भएको पुष्टि भएको थियो। जाक्साका एक अधिकारीले भने, 'रकेटलाई सफलतापूर्वक अन्तरिक्षमा पुऱ्याएपछि हामी नतिजाको विश्लेषण जारी राख्नेछौं।' फ्लिन्डर्स युनिभर्सिटीकी अन्तरिक्ष अन्वेषण विज्ञ एलिस गोर्मनका अनुसार एच-थ्री पृथ्वीको कक्षमा भू-उपग्रह प्रक्षेपण गर्न, अन्तरिक्ष स्टेसनका लागि आपूर्ति यानको रूपमा काम गर्न र चन्द्रमामा जान सक्षम हुनेजस्ता बहुकार्य गर्नसक्ने रकेट हुने छ।

जापानले गत महिना चन्द्रमाको सतहमा 'मून स्निपर' उपनाम दिइएको स्लिम अन्तरिक्षयान अवतरण गर्न सफल भएको थियो। बर्मिंघम विश्वविद्यालयका एस्ट्रोफिजिक्सका मानार्थ प्राध्यापक एड्रियन माइकल क्रुजका अनुसार हालैका असफलताका बावजुद जापानको अन्तरिक्ष कार्यक्रम आफ्नो अहिलेसम्मको प्रदर्शनभन्दा धेरै माथि पुगेको छ।

उनले भने, 'जापानले केही प्रमुख खेलाडीहरूलाई चुनौती दिँदै अन्तरिक्ष अन्वेषणका लागि भविष्यको महत्त्वाकांक्षा राखेको छ।' *राासस/एएफपी*

# रूसी विपक्षी नेता नभाल्नीको मृत्युबारे छानबिन गर्न आग्रह



**संयुक्त राष्ट्रसंघ-** रूसी पुटिन प्रशासनको प्रखर आलोचक तथा विपक्षी नेता एलेक्सी नभाल्नीको जेलमा भएको मृत्युपछि संयुक्त राष्ट्रसंघ र विश्वका प्रमुख शक्ति राष्ट्रका नेताहरूले घटनाको छानबिन गर्न आग्रह गरेका छन्। रूसमा पछिल्लो दशक सबैभन्दा प्रखर प्रतिपक्षी नेताको छवि बनाएका नभाल्नीको जेलमा निधन भएको कारागार प्रशासनले शुक्रबार जनाएको थियो।

राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले 'हिरासतमा भएको भनिएको नभाल्नीको मृत्युको परिस्थितिबारे पूर्ण विश्वसनीय तथा पारदर्शी छानबिन' हुनुपर्ने माग गरेका छन्। एलेक्सीको नभाल्नीको मृत्युको विवरणले राष्ट्रसंघका महासचिव गुटेरेस 'स्तब्ध भएको' उनका प्रवक्ताले बताएका छन्। यसैगरी राष्ट्रसंघको मानवअधिकार कार्यालयले स्वतन्त्र निकायमार्फत घटनाको छानबिन हुनुपर्ने माग गरेको छ। 'विनाकारण जस्तो देखिएको' नभाल्नीको कारावासबारे पनि आफूले बारम्बार कुरा उठाएको कार्यालयले आफ्नो विज्ञप्तिमा उल्लेख गरेको छ।

अमेरिकाका राष्ट्रपति जो बाइडेनले घटनाका लागि रुसी राष्ट्रपति भ्लादिमिर पुटिन जिम्मेवार रहेको दाबी गर्दै यसको निष्पक्ष छानबिन हुनुपर्ने बताएका छन्। राष्ट्रसंघीय मानवअधिकार आयुक्त फोल्कर टर्कले गत वर्ष नभाल्नीलाई सुनाइएको लामो सजायले रूसले अदालती प्रणालीलाई राजनीतिक उद्देश्यका लागि प्रयोग गरेको देखाएको बताएका छन्। 'यदि कोही राज्यको हिरासतमा मर्छ भने त्यसका लागि राज्य जिम्मेवार हुने अन्तर्राष्ट्रिय मान्यता छ,' राष्ट्रसंघले भनेको छ।

नभाल्नीको मृत्युको घोषणापछि ह्वाइट हाउसमा बोल्दै अमेरिकी राष्ट्रपति जो बाइडनले आफूलाई उक्त घटनाले 'अचम्भित र आक्रोशित' तुल्याएको बताएका छन्। रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको प्रखर आलोचक रहेका नभाल्नीको 'वीरता'को प्रशंसा गर्दै बाइडेनले सन् २०२० मा विष दिइएपछि नभाल्नी निर्वासनमा देशबाहिर रहनसक्ने भए पनि उनले त्यसो नगरेको बताए।

'पुटिन जे थिएनन्, नभाल्नी त्यही थिए,' बाइडेनले नाभाल्नीको विशेष क्षमताबारे बताए। उनले थपे, 'गल्ती नगरौं, नभाल्नीको मृत्युका लागि पुटिनले जिम्मेवार छन्।'

म्युनिखबाट अमेरिकी उपराष्ट्रपति कमला हचारिसले पुटिनको मृत्यु 'पुटिनको क्रूरताको संकेत' भएको बताएकी छन्।

जर्मनीका चान्सलर ओलाफ स्कोल्जले नाभाल्नीको मृत्यु रूसी जनताका लागि 'ठूलो त्रासदी' भएको बताएका छन्। बेलायतको विदेश मन्त्रालयले नाभाल्नीको मृत्युका लागि रुसी अधिकारीलाई पूर्णरूपमा जिम्मेवार ठहऱ्याउन रुसी दूतावासलाई बोलाएको जनाएको छ।

यसैगरी बेलायतका विदेशमन्त्री डेभिड क्यामरूनले नभाल्नीको मृत्युको परिणाम रूसले भोग्नुपर्ने चेतावनी दिए। जर्मनीमा जारी म्युनिख सुरक्षा सम्मेलनमा क्यामरूनले भने, 'रूसले यसको परिणाम बेहोर्नुपर्नेछ।'

लातभियाका राष्ट्रपति एडगर्स रिन्केभिक्सले 'क्रेमलिनले नभाल्नीको निर्मम हत्या गरेको' बताएका छन्। त्यसैगरी, फ्रान्सका विदेशमन्त्री स्टेफन सेजोर्नले नभाल्नीको मृत्युले 'पुटिनको शासनको वास्तविकताको सम्झना गराएको' बताएका छन्।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले विगत दुई वर्षदेखि रूसी सेनासँग लडिरहेका बेला क्रेमलिनका आलोचकको हत्या भएको बताएका छन्। नाभाल्नी सन् २०२१ को फेब्रुअरीमा नभाल्नी सन् २०१४ मा सुनाइएको सजाय उल्लंघन गरेको आरोपमा जेल परेका थिए। उनलाई सन् २०२० मा आफ्नो अवस्थाबारे प्रहरीलाई नियमित खबर नगरेको आरोप लगाइएको थियो। *रासस/एएफपी*

## नाभाल्नीको शोकसभाबाट १०० भन्दा बढी पक्राउ

**मस्को-** रूसी प्रहरीले विपक्षी नेता एलेक्सी नाभाल्नीको स्मृतिमा राखिएको शोक कार्यक्रमका सहभागी स्मारकमा १०० जनाभन्दा बढीलाई हिरासतमा लिएको ओभिडी-इन्फो नामक मानवअधिकारवादी समूहले शनिबार जनाएको छ।

क्रेमलिनका ४७ वर्षीय क्रेमलिनका कट्टर आलोचक नभाल्नीको रूसको आर्कटिकमा १९ वर्षको जेल सजाय काटिरहेका बेला मृत्यु भएको शुक्रबार रूसी अधिकारीहरूले बताएका थिए। मृत्युको खबरले रूसभित्र र बाहिर रहेका नाभाल्नीका समर्थक तथा प्रशंसकहरू शोकमा डुबेका छन्।

रूसका अस्थायी स्मारकहरूमा फूल राख्न मानिसहरू भेला भएका थिए र केही घटनामा प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएको सामाजिक सञ्जालमा सम्प्रेषित फुटेजले देखाएको छ। ओभिडी-इन्फोका अनुसार फेब्रुअरी १७ सम्ममा रूसको दोस्रो ठूलो सहर सेन्ट पिटर्सबर्गका ६४ सहित १० सहरमा १०१ भन्दा बढीलाई हिरासतमा लिइएको छ।

राजधानी मस्कोमा ११ जना र निज्नी नोभगोरोड, क्रास्नोडार, रोस्तोभ-अन-डन र ट्वेर सहरमा ११ जनालाई हिरासतमा लिइएको छ। रूसमा असहमति विरोधी कडा कानुनअन्तर्गत विरोध प्रदर्शन गैरकानुनी छ र अधिकारीहरूले नभाल्नीको समर्थनमा हुने ऱ्यालीमा कडाइ गरेका छन्।

रूसको राजधानी मास्कोको मध्यभागमा हुने विशाल ऱ्यालीमा भाग लिन अनलाइनमार्फत गरिएको आह्वानबारे आफूहरू जानकार रहेको र त्यहाँ उपस्थित नहुन चेतावनी दिइएको रूसी प्रशासन र सरकारी अधिकारीहरूले शुक्रबार बताएका छन्। *रासस/एएफपी*

# अमेरिका र चीनका विदेशमन्त्रीबीच वार्ता



**वासिङ्टन-** अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र चिनियाँ विदेशमन्त्री वाङ यीबीच म्युनिख सुरक्षा सम्मेलनका क्रममा शुक्रबार भएको भेटवार्तामा 'स्पष्ट र रचनात्मक' छलफल भएको बताइएको छ।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यू मिलरका अनुसार शिखर सम्मेलनका क्रममा भएको भेट संवादको मार्ग खुला राख्न र सम्बन्धमा प्रतिस्पर्धालाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न जारी प्रयासको एक भागको रूपमा भएको हो। भेटमा द्विपक्षीय, क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूको बारेमा छलफल भएको थियो।

मिलरका अनुसार म्युनिखमा वाङसँग 'स्पष्ट र रचनात्मक छलफल' गर्ने क्रममा ब्लिन्केनले युक्रेनविरुद्ध रूसको आक्रामकतालाई चीनले समर्थन गरेकोमा चिन्ता व्यक्त गरेका थिए।

दुवै पक्षले पश्चिम एसिया र कोरियाली प्रायद्वीपको अवस्थाका बारेमा पनि विचार आदानप्रदान गरेका थिए र आ-आफ्ना वरिष्ठ अधिकारीहरूले यी छलफलहरूको अनुगमनका लागि बैठक गर्नुपर्नेमा जोड दिएका थिए। ब्लिन्केनले ताइवान स्ट्रेट र दक्षिण चीन सागरमा शान्ति र स्थिरता कायम गर्ने महत्त्वमा जोड दिएको वासिङ्टन स्रोतले जनाएको छ। ब्लिन्केन र वाङबीचको शुक्रबारको बैठक ताइवानको मध्य जनवरीमा भएको राष्ट्रपतीय निर्वाचनपछि दुई देशका वरिष्ठ अधिकारीहरूको पहिलो प्रत्यक्ष बैठक हो। उक्त अवसरमा चिनियाँ विदेशमन्त्री वाङले 'चीन-अमेरिका सम्बन्धको सुदृढ, स्थिर र दिगो विकास' गर्न आह्वान गरेका थिए।

'दुवै पक्षले पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र दुवैको जित हुने सहकार्यका सिद्धान्तहरूको पालना गर्नुपर्दछ र दुई प्रमुख देशहरूलाई एकअर्कासँग घुलमिल हुनका लागि सक्रिय रूपमा सही मार्गको खोजी गर्नुपर्दछ,' वाङलाई उद्धृत गर्दै चिनियाँ समाचार संस्था सिन्ह्वाले लेखेको छ।

उनले भने, 'संयुक्त राज्य अमेरिकाले यदि उसले 'ताइवान स्ट्रेटमा स्थिरताको साँच्चिकै आशा गर्दछ' ताइवानको विकासलाई 'वस्तुनिष्ठ र तर्कसंगत रूपमा' हेर्नुपर्छ र एक चीन सिद्धान्तको पालना गर्नुपर्छ।' ब्लिन्केन र वाङबीच गत वर्षको अक्टोबरपछि र गत महिना भएको टेलिफोन वार्तापछि भएको यो पहिलो बैठक हो। *रासस/एएनआई*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLASS CORNER CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८०/११/०५ LT. No. 299815 चलानी नं. ६०२१५०७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Uploader and uploader | 3 | 0 | 1200 | ४२,५०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १३ गते (25th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १२८६/०७४/०७५

Fishtail Overseas Pvt. Ltd.
Tokha, Samakhusi-29, Kathmandu, Nepal Tel : +977-1-4386382, 4389757, Mob: 9803003599
Email: hrfishtailoveraeas@gmail.com, Web: www.fishtailjobs.com



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PAN EMIRATES FURNITURE-

पुर्व स्वीकृति मिति २०८०/०९/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/११/०४ LT. No. 297276 चलानी नं.६०२१५५४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Un Loading Labour | 20 | 0 | 120 | ४१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरीमा मितिः २०८० फागुन १४/१५ गते (26/27 Feb. 2024) मा हुनेछ।
अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १६/१७ गते (28/29 Feb. 2024) मा हुनेछ।

नोटः कारपेन्टरको प्रि- अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरीमा धमाधम भइरहेको छ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 937/067/068

Aseana International Pvt. Ltd.
Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal.
Tel:- +977-1-4389850,4389563 Mobile no:9807960966,9852682331
Fax:- +977-01-4389563 Email:-aseana.manpower@gmail.com
info@asenainternational.com,Website:- www.aseanainternational.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Musaid Abdul Latif Al Ghamlas Contracting Est.

पूर्व स्वीकृति मिति २०८०/११/०५ LT. No. 300106 चलानी नं. ६०२१५०६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WOODEN FLOOR INSTALLER | 12 | 0 | 1300 | ४६,०४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १३ गते (25th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

License No. : 1563/079/080

HAMDAN GLOBAL PVT. LTD.
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – ११७१०० | प्रति तोला – ११६५५० | प्रति तोला – १४१० |



**पर्यटकको पर्खाइमा पञ्चकोट** | बागलुङको प्रसिद्ध धार्मिकस्थल पञ्चकोटमा रहेको गण्डकी माताको मन्दिर । मन्दिर बनेपछि पञ्चकोटमा दैनिक २ देखि ३ सयको हाराहारीमा पर्यटक आउने गरेका छन् ।
*तस्बिरः डम्मर बुढामगर/रासस*

## चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन

# लघुवित्तको गल्ती सुधार्न जोड

■ प्रभाव संवाददाता



**काठमाडौं–** चौथो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन काठमाडौंमा सुरु भएको छ । 'स्वस्थ लघुवित्त, समृद्ध सदस्य' नारासहित सुरु भएको सम्मेलनको उद्घाटन गर्दै अर्थमन्त्री डा. प्रकाशशरण महतले लघुवित्तकै कारण नेपालका दूरदराजका नागरिक वित्तीय पहुँचमा पुग्न सफल भएको बताए ।

नेपालका विपन्न वर्ग, गरिब र महिलामा लघुवित्त क्षेत्रले ठूलो उत्साह भरेको उल्लेख गर्दै डा. महतले जीविकोपार्जनमा समेत महत्त्वपूर्ण भूमिका खेलेको बताए । ७७ वटै जिल्लामा फैलिएका लघुवित्तले गाउँ गाउँका नागरिकमा बचत र ऋण परिचालनको ज्ञान समेत दिएको उनको भनाइ थियो ।

प्रजातन्त्र र लोकतन्त्र आएपछि नेपालमा लघुवित्त र सहकारीमा धेरै विकास भएको स्मरण गर्दै उनले गरिबीलाई शून्यमा झार्ने, स्थानीय स्तरमा लघुउद्यम र स्वरोजगार बनाउने तथा स्थानीय अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्रमा जोड्न धेरै सहयोग पुगेको उल्लेख गरे । 'अहिले लघुवित्तमा केही समस्या देखिएको छ, यसलाई कसरी स्वस्थ बनाउने भन्ने सबैको चिन्ताको विषय हो । केही समस्यालाई देखाएर स्वार्थ समूहले खेल्ने प्रयास गरेको देखिएको छ, यस्तो राम्रो क्षेत्रलाई राजनीतिकरण गर्न खोज्नेहरूलाई कदापी सफल हुन दिनेछैनौं,' महतले भने, 'ऋण नतिर्न उस्काउने खतरनाक प्रवृत्ति हो । सरकार चुप लाग्दैन, सरकारको साथमा लघुवित्तकै सदस्य र बचतकर्ता मिलेर गलत प्रवृत्तीलाई हराउनुपर्छ ।'

उनले ऋण तिर्नु पर्दैन भन्ने भ्रममा नबस्न पनि आम ऋणीलाई आग्रह गरे । 'लिएको ऋण तिर्न पर्दैन, हामी माफी गर्दिन्छौं भन्दै आसा जगाएर स्वार्थ समूह खेल्न खोज्दैछ । बचतकर्ताको बचतबाट लगेको ऋण कदापी मिनाहा हुँदैन । बरु सरकारले विभिन्न सहजीकरण गरेको छ । ऋण त तिर्नैपर्छ । तिर्न पर्दैन भन्ने प्रवृति परास्त हुन्छ' डा महतले भने । ऋण तिर्न पर्दैन भनेर भ्रम फैलाउनेलाई राज्यले सहन नसक्ने महतको चेतावनी थियो ।

लघुवित्तले अब आफ्नै उद्देश्य अनुसार मात्रै काम गरेर आफूलाई सुधार गर्न अर्थमन्त्रीको सुझाव थियो । लघुवित्तलाई नाफा कमाउने औजारको रूपमा नलिएर ग्रामिण विकास, लघु उद्यम र स्वरोजगारलाई केन्द्रमा राखेर काम गर्नुपर्ने पनि उनको आग्रह छ । उद्घाटन कार्यक्रममा नेपाल राष्ट्र बैंकका कायम मुकायम गभर्नर डा. निलम ढुंगाना तिम्सिनाले २१ प्रतिशत जनसंख्या औपचारिक वित्तीय पहुँचमा नहेरेको अवस्थामा लघुवित्तले खेलेको भूमिकाको प्रशंसा गरिन् ।

समावेशी विकासको लागि सरकारले विभिन्न कार्यक्रम ल्याउँदा पनि अपेक्षित सफलता हात नपरेको अवस्थामा लघुवित्तको सहायताले मात्रै समावेशी विकास भएको उनको भनाइ थियो । 'आर्थिक असमानता हटाउन, विपन्नलाई सम्पन्न बनाउन, गरिबी निवारण गर्न, स्थानीय विकास लगायतमा लघुवित्तले खेलेको भूमिका निकै महत्त्वपूर्ण छ, हामी सबैले यसको प्रशंसा गर्नुपर्छ,' तिम्सिनाले भनिन्, 'आय आर्जन तथा रोजगारीको सिर्जनामा लघुवित्तले राज्यलाई ठूलो गुन लगाएको छ ।

कार्यक्रममा आयोजक समितिका अध्यक्ष शंकरमान श्रेष्ठले गरिब र विपन्न परिवारलाई नै लक्षित गरेर लघुवित्तको सुरुवात भएकोले बाटो बिराएकाहरू सही बाटोमा आउनु अहिलेको आवश्यकता रहेको बताए । नेपालमा तीन दशकअघिदेखि सेवा थालेका लघुवित्तले महिला, गरिब र विपन्नलाई एउटा युगबाट अर्कै युगमा लगेको उनको भनाइ थियो ।

लघुवित्तमा पछिल्लो समय समस्या आउनुमा सहकारी संस्थाकै कमजोरी रहेको उनको भनाइ थियो । 'यो बीचमा लघुवित्तमा केही समस्या देखियो । लघुवित्त संस्थालाई कम्पनी ऐन अनुसार चलाउन थालियो, शेयरधनीले बढी नाफामा लैजाने खानका क्रियाकलाप गरे, लाभांस बाँड्ने क्रम बढ्यो, लघुवित्त त धेरै नाफा पाउने थलो रहेछ भनेर लगानी गर्नेहरूको बाढी आयो । लघुवित्तका सदस्यलाई हामीले शेयरहोल्डर बनाएनौं, त्यहाँ ठूलो गल्ती भयो,' शंकरमान श्रेष्ठले भने, 'ऋण प्रवाह गर्दा पनि लापरबाही भयो, सरकारले नयाँ लाइसेन्स खुलायो झन विकृति र विचलन आयो । अस्वस्थ प्रतिष्पर्धा भयो । बढी लगानी गर्न लगानीकर्तालाई तानातान गर्ने र ब्याजमा मनोमानी गर्ने विकृति देखिए ।'

विगतका गल्तीबाट अब लघुवित्तहरू सुधारको बाटोमा लागेको भन्दै श्रेष्ठले यो सम्मेलनलाई नवयुगको सुरुवात मानेर अघि बढ्न आग्रह गर्नुभयो । लघुवित्त क्षेत्रमा समस्या देखिनु एउटा पाटो भएको तर अनावश्यक हल्ला र अफवाहले पनि अर्को समस्या थपेको उनको भनाइ छ ।

कार्यक्रममा नेपाल लघुवित्त बैकर्स संघका अध्यक्ष रामबहादुर यादवले लघुवित्तको क्षेत्र विषम परिस्थितिबाट गुज्रिएको समयमा भएको यो सम्मेलनको ठूलो महत्त्व राख्ने बताए । विश्वका अरु थुप्रै देशमा लघुवित्त सम्मेलन हुने गरेको तर लघुवित्त सदस्य सम्मेलन भने नेपालमा मात्रै हुने गरेको भन्दै यादवले नेपालमा लघुवित्तहरूले कसरी आफूलाई सुधार गर्दैछन् भन्ने राम्रो प्रमाण यो सम्मेलनलाई पनि लिन सकिने उनले बताए ।

झण्डै ६० लाख जना सदस्यमार्फत गाउँ गाउँमा वित्तीय सचेतनासँगै लगानी र उद्यमलाई बढावा दिएको लघुवित्त क्षेत्रलाई सरकारले उपेक्षा गरेको भन्दै अध्यक्ष यादवले गुनासो गरे । दूरदराजमा आर्थिक गतिविधि फैलाउने र विपन्नलाई उठाउने तथा गरिबी अन्त्य र महिला सशक्तिकरण लगायतका क्षेत्रमा ठूलो योगदान दिएपनि सरकारले खासै ध्यान नदिनु पनि अहिलेको समस्याको कारण रहेको उनले उल्लेख गरे ।

यस्तै, लघुवित्त अभियन्ता तथा प्रतिनिधिसभा सदस्य योगेन्द्र मण्डलले आफू सांसद बन्नुमा लघुवित्तकर्मी महिला र गरिबहरूको योगदान रहेको बताए । सरकारले लघुवित्त सुधारको लागि विभिन्न नीति र भाषण गरेपनि व्यवहारमा लागू नभएको भन्दै मण्डलले लघुवित्तलाई देखाएर राजनीति गर्ने क्रम बढेको भन्दै असन्तुष्टि जनाए ।

आइतबारसम्म सञ्चालन हुने सम्मेलनमा लघुवित्त क्षेत्रका नियामक, नीतिगत र सरकारी निकायका प्रतिनिधि, लघुवित्त संस्थाका नेतृत्वकर्ता, सञ्चालक, लघुवित्तकर्मी, लघुवित्त सदस्य, विज्ञ, सरोकारवाला लगायत ८०० जनाभन्दा धेरै सहभागी छन् ।

# 'आर्थिक ऐनलाई समयानुसार परिमार्जन गर्दै लैजानुपर्छ'

**काठमाडौं–** उद्योगी व्यवसायीहरूले आर्थिक ऐनलाई समयानुसार परिमार्जन गर्दै लैजानुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय व्यापार सङ्घको १९औं वार्षिक साधारणसभा एवं १०औं अधिवेशनको शनिबार उद्घाटनमा उनीहरूले समय सापेक्ष नीति परिमार्जन हुनुपर्ने बताए ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले राजस्व परामर्श समिति र सरकारका अन्य समितिमार्फत व्यवसायीलाई परेको समस्या समाधानका चेम्बरले अग्रणी भूमिका खेल्नेमा विश्वास व्यक्त गरे । 'समयअनुसार ऐन परिवर्तन हुँदै जानुपर्छ, उद्योग व्यवसायको क्षेत्रमा देखिएको समस्या समाधानमा व्यवसायी एकजुट हुनुपर्छ,' उनले भने ।

उनले छिमेकी मुलुक भारतसँग रु चार खर्ब १४ अर्ब र चीनसँग एक खर्ब ४५ अर्ब व्यापारघाटा रहेको भन्दै निर्यात प्रवर्द्धनमा जोड दिए । उनले व्यापारिक वृद्धिका लागि सामूहिक लगानीलाई बढावा दिनुपर्ने भन्दै लगानीमैत्री वातावरण निर्माणमा लाग्नुपर्ने बताए ।

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर एवं राष्ट्रपतिका आर्थिक सल्लाहकार डा. चिरञ्जीवी नेपालले नयाँ पुस्तालाई उद्योग-व्यवसायमा लगाउन सकिएमात्र देशको विकास हुने बताए । उनले सरकारले उद्योगी व्यवसायीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन जरुरी रहेको उल्लेख गरे । डा नेपालले क्षमतावान, बुद्धिमान र जोखिम मोल्न सकेमात्र व्यापार अगाडि बढाउन सकिने बताए ।

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घका अध्यक्ष कुमार कार्कीले बैंकको चर्को ब्याजदरका कारण व्यवसायी मारमा परेको बताए । उनले कर्जा प्रवाहको ब्याजदर एकल अङ्कमा ल्याउन सरकारलाई आग्रहसमेत गरे ।

नेपाल उद्योग सङ्घ काठमाडौंका अध्यक्ष दिनेश श्रेष्ठले करका दर र त्यसका शीर्षकलाई सीमित बनाउन सरकार लाग्नुपर्ने बताए । अध्यक्ष श्रेष्ठले व्यावसायिक दर्ता र कर एक ठाउँमा मात्र गर्ने व्यवस्था मिलाउन सरकारलाई ध्यानाकर्षण गरे ।

राष्ट्रिय व्यापार सङ्घका अध्यक्ष सरोजकुमार श्रेष्ठ, नेपाल हिमालय सीमापार वाणिज्य सङ्घका अध्यक्ष रामहरि कार्की, राष्ट्रिय व्यापार सङ्घका महासचिव बैकुण्ठ दाहाललगायतले देशको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको साना तथा मझौला व्यवसायीलाई राज्यले संरक्षण गर्नुपर्नेमा जोड दिएका थिए । *रासस*

# सजिवनको व्यावसायिक खेतीतर्फ आकर्षित

**महोत्तरी–** महोत्तरीमा सजिउन (मुन्गा) को व्यावसायिक खेती बढ्न थालेको छ । स्वास्थ्यका लागि गुणकारी मानिने सजिउनको खेतीमा यहाँका प्रत्येक घरपरिवार लागेका छन् । खेतका आली र कतैकतै रुखो कान्लाबारीमा पनि सजिउनका बोट लगाएको देख्न सकिन्छ ।

बर्दिवास नगरपालिका-६ र ७ का अधिकांश बस्तीका किसानले १०/१५ सफ्यामा सजिउन हुर्काइरहेका छन् । सेताम्य फूल्न लागेका सजिउनका बोटमा जोसुकैको नजर पर्न थालेका छन् । 'हाम्रो बस्तीका सबै जसो घरपरिवारले कम्तीमा पनि १०/१२ सजिउन लगाएकै छन्,' बर्दिवास-६ किसाननगरको कृष्णपुरका २५ वर्षे सरोज यादवले भने, 'पछिल्ला पाँच/सात वर्षयता सजिउन लगाउनेको संख्या बढ्न थालेको छ ।' खानाका लागि स्वादिष्ट हुनुका साथै स्वास्थ्यका दृष्टिले पनि गुणकारी भएको उनको भनाइ छ ।

खनजोत, गोडमेल खासै केही गर्नु नपर्ने सजिउनको रुख रोप्न सजिलो छ । हुर्केको बोटको छिप्पिएको हाँगा काटेर चिस्यान भएको ठाउँमा एक हातजति खाल्डो खनेर गाडेपछि हुर्कने हुँदा यसलाई कम मेहनतको खेती पनि भनिन्छ ।

'यसपाली रोपेको हाँगो अर्को वर्ष फलिहाल्छ, अनि बजारमा अरु तरकारीको तुलनामा राम्रो मूल्यमा बिक्छ,' बर्दिवास-७ जुरेटोलका किसान धनसिंह केप्छाकी भन्छन्, 'एउटा राम्ररी झाङ्गिएको बोटबाट सिजनभरि घरमा खाएर रु तीनदेखि चार हजारसम्म आम्दानी गर्न पनि सकिन्छ ।'

बजारमा बिक्री गर्न समस्या नहुने र मूल्य पनि राम्रो पाइने भएपछि किसानमा पछिल्ला केही वर्षयता सजिउनको खेतीमा आकर्षित भएको उनको भनाइ छ । गत वर्ष आफ्ना पाँच/छ वटा बोटबाट घर र आफन्तकहाँ खपत भएर पनि रु १५ हजारभन्दा बढीको बिक्री गर्न सफल भएको क्याप्छाकीले सुनाए ।

सजिउनको बोटमा सामान्यतः चैत/वैशाखमा राम्रो फल लाग्छ । मधेसमा खासगरी मिथिला क्षेत्रमा प्रत्येक वर्षको चैत-वैशाखमा आठ-दश छाकमात्रै सजिउनको तरकारी खाने चलन थियो । यसको सेवनबाट बिफरलगायत छालासम्बन्धी समस्या नहुने विश्वास छ । मिथिलामा प्रत्येक नयाँ वर्ष मनाइने जुडशीतल पर्वमा 'सजिउनको' को परिकार विषेश तयार हुन्छ ।

विशेष गरी महोत्तरीका उत्तरीक्षेत्रका बर्दिवास, गौशाला, भङ्गाहा र औरही नगरपालिका क्षेत्रमा बर्सेनि यसको खेती बढ्दो छ । 'यसको खेतीका लागि न मल चाहिने, न गोडमेल नै । पहिलोचोटी राम्रो खाल्डो खनेर चिस्याइएको माटोमा हाँगा रोपे पनि पुग्छ,' बर्दिवास-७ प्रेमनगरका रामचन्द्र महतोले भने, 'गाडिएको हाँगा कसैले नहल्लाइदिए सरी हाल्छ ।' निकै कम लगानीमा हुने यो खेतीको आम्दानी राम्रो हुने महतोको अनुभव छ ।

बर्दिवास नगरपालिकाका पूर्वपश्चिम राजमार्ग मास्तिर (उत्तर)का खयरमारा, टुटेश्वर, गणन्ता, चेरु, सोनापेटी, वरडाँडा, भब्सी, पाटु, कालापानी, रजबास, पर्साहीधापसहितका बस्तीमा अहिले सेताम्य फूलले ढकमक्क सजिउनका रुख बाक्लै देखिन्छन् । सजिउन चैतदेखि जेठभरिकै घरघरकै तरकारी हुने गरेको बर्दिवास-१० खयरमाराका ६० वर्षीय प्रेमध्वज लामा बताउँछन् ।

'सिजनभरि तरकारी खाएर सबैले बुटैपिच्छे सरदर तीन/चार हजारको सजिउनको फल बेच्छन्,' लामा भन्छन्, 'गरिब परिवारका किसानलाई पनि चैत वैशाखको अनिकालमा यो घरगुजाराको सहारा बनेको हुन्छ ।'

सजिउन स्वास्थ्यका लागि गुणकारी तरकारी भएको हुँदा खानामा यसको प्रयोग बढ्दा रोगप्रतिरोधात्मक क्षमता बढ्ने बर्दिवास अस्पतालका मेडिकल अफिसर डा. किशोर अधिकारी बताउँछन् । सजिउनको कलिलो मुन्टा, फूल र फल तरकारीमा प्रयोग गरिन्छ । *रासस*

# संरक्षणको पर्खाइमा वाग्मा पोखरी

**फुङ्लिङ (प्रस)–** ताप्लेजुङको मिक्वाखोला गाउँपालिकामा रहेको पर्यटकीय सम्भावना बोकेको वाग्मा पोखरी ओझेलमा परेको छ । मिक्वाखोला गाउँपालिका-४ साँवामा रहेको वाग्मा पोखरी आवश्यक संरक्षणसँगै प्रचारप्रसारको पर्खाइमा छ ।

धार्मिक दृष्टिकोणले प्रसिद्ध मानिने मानाभराको काखमा पर्ने वाग्मा पोखरी पूर्वाधार, संरक्षण र प्रचारप्रसारको अभावमा ओझेलमा परेको स्थानीयको भनाइ छ । स्थानीयका अनुसार यो पोखरी करिब पाँच रोपनी बराबरको क्षेत्रफलमा फैलिएको छ । मानव बस्तीभन्दा केही टाढा हरियाली वनको बीचमा एकान्त वातावरण रहेकाले पोखरीको संरक्षण तथा प्रवर्द्धन गर्नुपर्ने स्थानीय बताउँछन् ।

निकै सुन्दर र आकर्षक देखिने वाग्मा पोखरी पर्यटकीय सम्भावना बोकेको भए पनि प्रवर्द्धनका लागि तीनै तहका सरकारले प्राथमिकता नदिएको पाइएको छ । पोखरीलाई पर्यटकीय गन्तव्य बनाउने योजनासँगै आवश्यक संरक्षण र प्रचारप्रसार गर्नुपर्ने स्थानीयको भनाइ छ । पोखरीको प्रवर्द्धन र प्रचारप्रसार गर्नसकेमा पर्यटकको धेरै उपस्थितिको सम्भावना रहेको मिक्वाखोला गाउँपालिकाका अध्यक्ष भक्तबहादुर कार्कीका स्वकीय सचिव घनेन्द्र थापाले बताए । थापाका अनुसार मिक्वाखोला-४ साँवामा स्थापित पर्यटकीय गन्तव्य फुङ्फुङगे झरना, वडा-५ पापुङको तोक्पेगोला लोदेन क्षेत्रसँगै वाग्मा पोखरीलाई पनि पर्यटकीय गन्तव्य बनाउन सकिन्छ ।

गाउँपालिकाका अध्यक्ष कार्कीले पर्यटकीय शृफ्लाअन्तर्गत तोक्पेगोला लोदेन क्षेत्र, फुङ्फुङगे झरना र वाग्मा पोखरीलाई जोड्न सकिने भए पनि विकास र प्रवर्द्धन हुन नसकेको बताए । गाउँपालिकाले आफ्नो नीति कार्यक्रममार्फत यस पोखरीलाई समावेश गरी मिक्वाखोलालाई पर्यटकीय हवका रूपमा विकास गर्नेगरी योजना बनाइरहेको उनले बताए । गाउँपालिकाले पर्यटन प्रवर्द्धनका योजना बनाइरहँदा बजेट अभावले योजना कार्यान्वयनमा समस्या रहेको उनको भनाइ थियो ।

वाग्मा पोखरीसहितका पर्यटकीयस्थलको विकासका लागि सङ्घ र प्रदेश सरकारसमक्ष योजना प्रस्ताव गरिँदै आइएको स्वकीय सचिव थापाले जानकारी दिए । उनका अनुसार पोखरी पुग्ने पदमार्गको स्तरोन्नति गर्नुपर्ने, सडक पुऱ्याउनुपर्ने र अन्य संरचना तथा पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यक देखिएको छ ।

आवश्यक संरक्षण, प्रचारप्रसारसँगै पोखरीलाई पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धन गर्नका लागि पूर्वाधारको अभाव हुँदा प्रशस्त सम्भावना भएर पनि ओझेल परेको थापाले बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ